असोज - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क ११ | २०८१ असोज १-१५ | पूर्णाङ्क ७७३



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री कालीबहादुर साम्यु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री कृष्णबहादुर तामाङ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | | इजलास नं. ७ | ९ |
| संयुक्त इजलास | | इजलास नं. ८ | १३ |
| इजलास नं. १ | ५ | इजलास नं. १० | ४ |
| इजलास नं. ४ | ८ | इजलास नं. | |
| इजलास नं. ६ | ११ | इजलास नं. | |
| **जम्मा** | **२४** | **जम्मा** | **२६** |

**कूल जम्मा २४ + २६ = ५०**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०15 सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, असोज – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं. १** | | | **१ - ४** |
| १. | नक्सा संशोधन दाबी कायम | डिला गिरी वि. श्रीधर गिरीसमेत | १ |
| २. | बन्दी प्रत्यक्षीकरण | लक्ष्मी गुरूङ वि. श्री मोरङ जिल्ला अदालत, विराटनगरसमेत | २ |
| ३. | मानव बेचबिखन तथा ओसारपसार | नेमा तामाङ वि. नेपाल सरकार | २ |
| ४. | डाँका चोरी | नेपाल सरकार वि. रमेश वि.क.समेत | ३ |
| ५. | जबरजस्ती करणी | चन्द्रकुमार घिमिरे वि. नेपाल सरकार | ४ |
| **इजलास नं. ४** | | | **४ – १२** |
| ६. | उत्प्रेषण | विद्याधर अधिकारी वि. नेपाल सरकार, माननीय गृहमन्त्री, गृहमन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ४ |
| ७. | उत्प्रेषणसमेत | कमलवीरसिंह कंशाकारसमेत वि. भूमिसुधार कार्यालय, बबरमहल, काठमाडौंसमेत | ५ |
| ८. | सवारी ज्यान | नेपाल सरकार वि. भवानी शंकर सुवेदीसमेत | ६ |
| ९. | निषेधाज्ञा | अर्जुनप्रसाद निरौला वि. निलमणि निरौला | ७ |
| १०. | ठगी | गणेशलाल देशार वि. नेपाल सरकार | ८ |
| ११. | ठगी | नेपाल सरकार वि. मिलन भन्ने लोकराज शाही | ८ |
| १२. | सरकारी छाप दस्तखत किर्ते | विष्णुदेवप्रसाद चौधरी, वि. नेपाल सरकार, नेपाल सरकार वि. विष्णुदेवप्रसाद चौधरीसमेत, पृथीमान सार्की वि. नेपाल सरकार, भुपबहादुर खत्री गौली वि. नेपाल सरकार | ९ |
| १३. | निर्णय दर्ता बदर हक कायम | मनोजकुमार खड्कासमेत वि. प्रमिला थापासमेत | ११ |
| **इजलास नं. ६** | | | **१२ – २२** |
| १४. | उत्प्रेषणयुक्त परमादेश | राधेश्याम शाह वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत | १२ |

| | | | |
|---|---|---|---|
| १५. | अंश चलन | मुसावरी भन्ने भिमकुमारी मगरसमेत वि. आशिष राना मगरसमेत | १३ |
| १६. | खिचोला मेटाई सार्वजनिक बाटो कायम | तिरथ माझी मल्लाहसमेत वि. सोहराती मल्लाह | १३ |
| १७. | अंशबन्डापत्र बदर अंश नामसारी | रामचन्द्र अहिरसमेत वि. विशम्भर यादव | १४ |
| १८. | घर जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ | मदनविक्रम नेम्वाङसमेत वि. जयप्रसाद श्रेष्ठ | १५ |
| १९. | जोत नामसारी | देवेन्द्र श्रेष्ठ वि. ईन्द्रलक्ष्मी श्रेष्ठ | १६ |
| २०. | कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग | परिवर्तित नाम M बहादुर वि. नेपाल सरकार, कर्तव्य ज्यान, नेपाल सरकार वि. कान्छी नामले चिनिने रोशन चन्दसमेत | १७ |
| २१. | उत्प्रेषण | गणेशबहादुर भण्डारी वि. नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाडौंसमेत | १८ |
| २२. | बन्दी प्रत्यक्षीकरण | रामचन्द्र तिमिल्सिना वि. अच्युतराज पाण्डेसमेत | १९ |
| २३. | उत्प्रेषण / परमादेश | लिलामणि न्यौपाने वि. नागरिक लगानी कोष, काठमाडौंसमेत | १९ |
| २४. | बन्दी प्रत्यक्षीकरण | पुजा डाँगी वि. उच्च अदालत पाटन, ललितपुरसमेत | २१ |
| **इजलास नं. ७** | | | २२ – ३० |
| २५. | राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन | सोबहादुर तामाङ वि. नेपाल सरकार | २२ |
| २६. | अबन्डा जग्गा अंशबन्डा गरी दर्ता | बिना थापासमेत वि. बिमला थापासमेत, बरूण शम्शेर थापासमेत वि. बिमला थापासमेत, भैरवी थापासमेत वि. बिमला थापासमेत | २२ |
| २७. | उत्प्रेषण / परमादेश | नन्दप्रसाद नेम्वाङ लिम्बु वि. मालपोत कार्यालय, सुनसरी इनरूवा | २३ |
| २८. | सरकारी कागज किर्ते | नेपाल सरकार वि. दशरथकुमार राम | २४ |

| | | | |
|---|---|---|---|
| २९. | परमादेश | नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, आयुर्वेद विभाग टेकु, काठमाडौं वि. रामप्रसाद महतोसमेत | २६ |
| ३०. | भ्रष्टाचार (घुस / रिसवत) | सरस्वती घिमिरे वि. नेपाल सरकार | २६ |
| ३१. | बन्दी प्रत्यक्षीकरण | सुरेश सहनी वि. काठमाडौं जिल्ला अदालत बबरमहल काठमाडौंसमेत | २७ |
| ३२. | कर्तव्य ज्यान | सुरेन्द्र पुन वि. नेपाल सरकार, नेपाल सरकार वि. सुरेन्द्र पुन | २८ |
| ३३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. दलबहादुर फेउदिन | २९ |
| **इजलास नं. ८** | | | **३० – ४२** |
| ३४. | परमादेश | चन्द्रकान्त ज्ञवालीसमेत वि. सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ३० |
| ३५. | बन्दी प्रत्यक्षीकरण | श्रीबहादुर राई वि. उच्च अदालत विराटनगरसमेत | ३१ |
| ३६. | कर्तव्य ज्यान | राकेश मिश्र वि. नेपाल सरकार | ३२ |
| ३७. | कर्तव्य ज्यान | रामसागर काँदू वि. नेपाल सरकार | ३३ |
| ३८. | बन्दी प्रत्यक्षीकरण | गोपाल गुरूङसमेत वि. भोजपुर जिल्ला अदालत, तहसिल शाखा, भोजपुरसमेत | ३४ |
| ३९. | बन्दी प्रत्यक्षीकरण | सम्राट रोकाया वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १५ स्थित प्रहरी वृत्त, स्वयम्भूसमेत | ३५ |
| ४०. | हक कायम दर्ता | जयराम चौधरी वि. दनावती कोइरीनी | ३५ |
| ४१. | घर भत्काई बाटो निकास खुलाइपाऊँ | दिनेशप्रसाद ब्याञ्जु वि. चन्द्रमाया लाखाजुसमेत | ३६ |
| ४२. | मोही नामसारी | गोविन्दप्रसाद दुलाल वि. सत्यमाया मानन्धरसमेत | ३७ |
| ४३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. तेजिसरा बि.क. | ३७ |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. खेलकुमारी सुनुवार | ३८ |
| ४५. | दर्ता बदर नामसारी | चन्द्रदेव पुरी वि. धर्मदेव भन्ने धर्मराज पुरी | ३९ |

| | | | |
|---|---|---|---|
| ४६. | दर्ता बदर नामसारी | चन्द्रदेव पुरी वि. धर्मदेव भन्ने धर्मराज पुरी | ४० |
| **इजलास नं. १०** | | | **४२ – ४४** |
| ४७. | बन्दी प्रत्यक्षीकरण | सुपक बस्नेत वि. उच्च अदालत पाटनसमेत | ४२ |
| ४८. | उत्प्रेषण / परमादेश, बन्दी प्रत्यक्षीकरण | धनबहादुर लामा वि. उच्च अदालत पाटन ललितपुरसमेत | ४२ |
| ४९. | विना इजाजत वन पैदावार हानि नोक्सानी | जुगराज यादव वि. नेपाल सरकार | ४३ |
| ५०. | बन्दी प्रत्यक्षीकरण | विद्या गुरूङ वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत | ४४ |

## इजलास नं. १

### १

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७०-CI-०९७६, नक्सा संशोधन दाबी कायम, डिला गिरी वि. श्रीधर गिरीसमेत*

वादी प्रतिवादीको बिचमा जग्गाको हकको विषयमा मुख मिलेको अवस्था हुन्छ र कुनै पक्षले तेरो मेरोको विवाद नउठाएको अवस्थामा निर्णय गर्ने निकाय स्वयम्ले सो विषयमा विवाद खडा गर्न मिल्दैन। वादीले लिएको दाबीमा सीमित रहेर निर्णय गर्नुपर्ने हुन्छ । वादीको दाबी नापी कार्यालयको सर्भे नक्सा जग्गाको वास्तविक अवस्थाभन्दा फरक परेकोले बन्डापत्रमा उल्लिखिततर्फ र भोगअनुसार सर्भे नक्सा सुधार गर्न माग गरेको विषय नितान्त रूपमा मालपोत ऐन, २०३४ को दफा ८क.(२) सँग सम्बन्धित नक्सामा भएको त्रुटि सुधारको रहेको हो । विवादको विषय हक बेहकको रहेको देखिँदैन। यसमा ऐ. ऐनको दफा ८क. (१) को कानूनी व्यवस्था आकर्षित हुँदैन । नापी कार्यालयको सर्भे नापी नक्सामा त्रुटि भएको विषयउपरको उजुरी लिने र सो त्रुटि संशोधन गर्ने अधिकार मालपोत ऐन, २०३४ को दफा ८क. (२) ले मालपोत कार्यालयलाई प्रदान गरेको अवस्थामा वादीले नक्सा सुधारको लागि दिएको निवेदनमा सोसँग सम्बन्धित प्रमाण बुझी नक्सा संशोधन हुने नहुने सम्बन्धमा निर्णय गर्नुपर्नेमा सो नगरी भूमिसुधार तथा व्यवस्थापन विभाग बबरमहल, काठमाडौंको मिति २०६५।९।७ को पत्र निर्देशनको आधारमा जिल्ला अदालतबाट हक कायम गरी ल्याउनु भनी मालपोत कार्यालय दाङको मिति २०६५।९।२४ को निर्णय मिलेको नदेखिने।

वादीले नापी कार्यालयको सर्भे नक्सा सुधारको लागि मालपोत कार्यालयमा निवेदन दिएकोमा मालपोत ऐन, २०३४ को उल्लिखित कानूनी व्यवस्थानुसार निवेदन मागबमोजिम नक्सा सुधार गर्न मिल्ने नमिल्ने के हो सो सम्बन्धमा मालपोत कार्यालयले निर्णय गर्नुपर्नेमा सो नगरी जग्गाको तेरोमेरोको विवाद नभएको अवस्थामा पनि अदालतबाट हक कायम गराइल्याउन भनी भएको निर्णयको आधारमा वादीले नक्सा संशोधन गरी हक कायम गरिपाउन दाङ देउखुरी जिल्ला अदालतमा फिराद दायर गरेकोमा सुरू दाङ देउखुरी जिल्ला अदालतबाट वादी दाबी नपुग्ने गरी मिति २०६७।३।२ मा भएको फैसलालाई पुनरावेदन अदालत तुल्सीपुर, दाङबाट सदर हुने गरी मिति २०६९।२।२८ मा भएको फैसलासमेत मिलेको नदेखिने।

वादी प्रतिवादीहरूको बिचमा मालपोत कार्यालयबाट बन्डापत्र पारित भएको र सोहीबमोजिम भोग गरिआएकोमा जग्गाको वास्तविक अवस्था र नापी नक्सामा एकरूपता नभएको हुँदा भोगअनुसार नापी कार्यालयको सर्भे नक्सा सुधार गरिपाउनलाई वादीले मालपोत कार्यालयमा निवेदन दिएकोमा नक्सामा भएको त्रुटि सुधार गर्ने अधिकार मालपोत ऐन, २०३४ को दफा ८क. (२) अनुसार मालपोत कार्यालयलाई भएकोमा मागबमोजिम नक्सा सुधार हुने नहुने सम्बन्धमा निर्णय गर्नुपर्नेमा सो नगरी पक्षहरूको बिचमा जग्गाको हक बेहक सम्बन्धमा विवाद नै नभएको कुरामा भूमिसुधार तथा व्यवस्थापन विभाग बबरमहल, काठमाडौंको मिति २०६५।९।७ को पत्र निर्देशनको आधारमा जिल्ला अदालतबाट हक कायम गराई ल्याउनु भनी मालपोत कार्यालय दाङको मिति २०६५।९।२४ को निर्णय र सो निर्णयको आधारमा वादीले नक्सा संशोधन हक कायमसमेतको लागि दाङ देउखुरी जिल्ला अदालतमा

फिराद दायर गरेकोमा जिल्ला अदालतबाट दाबी नपुग्ने गरी मिति २०६७।३।२ मा भएको फैसला र सोलाई पुनरावेदन अदालत तुलसीपुर, दाङबाट सदर हुने गरी मिति २०६९।२।२८ मा भएको फैसलासमेत मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब, अमिनको प्रतिवेदन, नापनक्सा, थप जाँचबुझलगायत जे जो बुझ्नुपर्छ बुझी मालपोत ऐन, २०३४ को दफा ८क.(२) बमोजिम पुन: वास्तविक फिल्ड निरीक्षण गरी मिसिल प्राप्त भएका मितिले ६(छ) महिनाभित्र पुन: नक्सा संशोधन सम्बन्धमा यकिन निर्णय गर्नु भन्ने मालपोत कार्यालय दाङमा पठाइदिने ।

इजलास अधिकृत : जानकीरमण यादव

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस २ गते रोज ६ शुभम् ।

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७८-WH-०१२५, बन्दीप्रत्यक्षीकरण, लक्ष्मी गुरूङ वि. श्री मोरङ जिल्ला अदालत, विराटनगरसमेत*

निवेदक लक्ष्मी गुरूङलाई मोरङ जिल्ला अदालतबाट लागुऔषध (गाँजा) मुद्दामा लागेको १ वर्ष कैदमध्ये १० महिना १७ दिन कैद बेरूजु रहेकोमा निज पक्राउ परेको मिति २०७८।५।२८ देखि आज मिति २०७८।१०।१७ सम्म ४ महिना १९ दिन कैद भुक्तान भई ५ महिना २८ दिन कैद बाँकी रहेको देखिन्छ । यसरी प्रस्तुत मुद्दामा निज लक्ष्मी गुरूङलाई १ वर्ष कैदमध्ये ६ महिनाभन्दा बढी अवधि भुक्तान भइसकेको र वर्तमान कोभिड-१९ को महामारीसमेतलाई विचार गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा दिन सक्ने नै देखिएको र निवेदकको मागबमोजिम सुविधा दिँदा उल्लिखित कानूनको मर्मविपरीत नहुने भएकोले जिल्ला अदालतले यी निवेदकलाई उल्लिखित कानूनी सुविधा प्रदान नगर्ने गरी भएको आदेश र सो आदेशलाई नै सदर गर्ने गरी उच्च अदालत विराटनगरबाट भएको आदेश सो हदसम्म त्रुटिपूर्ण देखिएकाले उत्प्रेषणको आदेशले बदर हुने ।

निवेदकलाई लागेको जरिवानाबापतको रकम असुल गरिएको भए १ वर्ष कैदमा ६ महिनाभन्दा बढी अवधिको कैद भुक्तान गरिसकेकोले बाँकी रहेको कैदको हकमा कैदबापत रकम दाखिल गर्न आएमा ऐ. संहिताको दफा १५५(३) बमोजिम एक दिनको रू.३००।- रूपियाँका दरले हुन आउने रकम लिई ऐ. को उपदफा (२) बमोजिम कागज गराई कैद मुक्त गरिदिनु भनी मोरङ जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत - शिवबहादुर थापा

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७८ साल माघ १७ गते रोज २ शुभम् ।

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७४-CR-०४९३, मानव बेचबिखन तथा ओसारपसार, नेमा तामाङ वि. नेपाल सरकार*

जाहेरवाला परिवर्तित नाम भैरहवा ६ र भैरहवा ७ (नाबालिग वर्ष-१४) लाई प्रतिवादी नेमा तामाङले काममा लगाइदिने प्रलोभनमा पारी जाहेरवालाहरूको घर नुवाकोटदेखि काठमाडौं हुँदै नेपाल भारत सिमाना नेपालको बेलहियासम्म बेचबिखनकै लागि लगेको देखिँदा निजको हकमा दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रूपियाँ जरिवाना हुने देखिएकोले प्रस्तुत दफा आकर्षित हुने ।

प्रतिवादी नेमा तामाङले जाहेरवाला परिवर्तित नाम भैरहवा ६ र भैरहवा ७ (नाबालिग वर्ष-१४) लाई

काममा लगाइदिने प्रलोभनमा पारी बेचबिखनकै लागि नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य गरी मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ बमोजिमको कसुरमा सोही ऐनको दफा १५ (१) को देहाय (ङ) (२) बमोजिम सजाय गर्नुपर्नेमा सोबमोजिम नगरी मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४(२)(क) कसुरमा सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम प्रतिवादीलाई १५ वर्ष कैद र रू. १,५०,०००।- जरिवाना गरी दफा १७(१)बमोजिम पीडित जाहेरवालालाई सोही जरिवानामध्येबाट जनही रू. ५०,०००।- क्षतिपूर्ति भराइदिने ठहर गरेको सुरू अदालतको फैसला सदर हुने गरी उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७४।२।२३ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी नेमा तामाङलाई दश वर्ष कैद र एक लाख रूपियाँ जरिवाना हुने र दफा १७(१) बमोजिम पीडित जाहेरवालालाई सोही जरिवानामध्येबाट जनही रू.३३,०००।- का दरले क्षतिपूर्ति भराइदिने।

इजलास अधिकृत :- राजकुमार दाहाल

कम्प्युटर :- रमला पराजुली

मिति २०७८ साल माघ २४ गते रोज २ शुभम्।

## ४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७३-CR-०७३२, डाँका चोरी, नेपाल सरकार वि. रमेश वि.क.समेत*

प्रतिवादी अमृत गिरीले मिति २०६८।०३।२१ गते मैले सतुवा जरा प्रतिकिलो रू.२,७७५। - मा १०२ के.जी. सतुवा रगवीर खड्कासँग खरिद गरेको हुँ । डाँका चोरीबारे थाहा भएन, थाहा भएको भए मैले खरिद गर्ने थिएन भनी कागज तथा सोही बेहोरालाई समर्थन गर्ने गरी निजले अदालतसमक्ष पनि बयान गरेको देखिन्छ। साथै रगवीर खड्काले मैले अमृत गिरीलाई बिक्री गरेको सतुवा जरा चेतराम ओझासँग खरिद गरी मिति २०६८।३।२१ मा अमृत गिरीलाई बिक्री गरेको हुँ र निजले कहाँबाट ल्याए थाहा भएन भनी कागज गरेको देखिँदा अमृत गिरीको साथबाट बरामद भएको सतुवा जरा जाहेरवालाको जाहेरीमा उल्लिखित सतुवा नै हो भनी मान्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादीहरूको सतुवा जरा डाँका चोरी गर्ने कार्यमा कुन प्रतिवादीको के-कस्तो भूमिका थियो भनी वादी पक्षले यकिन रूपमा खुलाउन नसकेको देखिँदा यी प्रतिवादीहरूको कसुरमा संलग्नता रहेको निर्विवाद रूपमा पुष्टि नहुने।

पुनरावेदन जिकिरमा उल्लिखित प्रतिवादीहरूले जाहेरवालाको सतुवा जरा डाँका चोरी गरेका हुन् भन्ने तथ्य जाहेरी र जाहेरवालाको बकपत्रबाहेक अन्य कुनै ठोस प्रमाणबाट पुष्टि हुन नसकेको र निज प्रतिवादीहरूलाई शंकाको भरमा कसुरदार कायम गर्नु फौजदारी कानूनको मर्मविपरीत हुने देखिँदा विद्वान् उप-न्यायाधिवक्ताको अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: पुनरावेदन पत्रमा उल्लिखित प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी सुरू बाँके जिल्ला अदालतबाट मिति २०६९।९।१९ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०७१।१०।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस २६ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७६-CR-०२७८, जबरजस्ती करणी, चन्द्रकुमार घिमिरे वि. नेपाल सरकार*

जाहेरी बेहोरालाई समर्थन हुने गरी जाहेरवालाले अदालतमा आई बकपत्र गरेको र प्रतिवादीले जबरजस्ती करणी गरेको भनी पीडितले अदालतमा बकपत्र गरेको देखिन्छ । पीडितको Vaginal Swab परीक्षणबाट मानव वीर्य देखिएको (Human semen was detected) भन्ने परीक्षण प्रतिवेदन रहेको र विशेषज्ञको बकपत्रबाट समेत सो बेहोरा पुष्टि भएको देखिन्छ । प्रतिवादीले मौकामा भएको भनिएको साबिती बयानलाई स्वइच्छाको बयान होइन भने तापनि निजले सो कुरालाई पुष्टि गर्न सकेको देखिएन। प्रतिवादीले अदालतमा आई कसुरमा इन्कार रहे तापनि वारदातस्थलमा पीडितलाई झारफुक गर्ने क्रममा करणी गरेको भनी भनेको देखिएकोसमेतका कारण प्रतिवादीको पुनरावेदन जिकिर विश्वासलायक नदेखिने।

प्रतिवादी चन्द्रकुमार घिमिरेले अभियोगपत्र मागदाबीबमोजिम कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ५ बमोजिम पाँच वर्ष कैद हुने र पीडित अपाङ्ग (सुस्त मनस्थिति) भएको अवस्था हुँदा ऐ.ऐ.को ३ क नं.बमोजिम थप ५ वर्षसमेत जम्मा दश वर्ष कैद हुने ठहऱ्याई ऐ.ऐ. को १० र १० ग नं. बमोजिम प्रतिवादीबाट पीडितले एक लाख क्षतिपूर्तिबापत भराइपाउनेसमेत ठहर गरी सुरू झापा जिल्ला अदालतबाट मिति २०७५/०३/०३ मा भएको फैसला सदर हुने गरी उच्च अदालत विराटनगर इलाम इजलासबाट मिति २०७५।११।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- राजकुमार दाहाल

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल माघ २४ गते रोज २ शुभम्।

## इजलास नं. ४

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-WO-०८५९, उत्प्रेषण, विद्याधर अधिकारी वि. नेपाल सरकार, माननीय गृहमन्त्री, गृहमन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

"संविधान र कानूनबमोजिम सरकार वादी भई चल्न नसक्ने मुद्दालाई सरकारवादी भनी सरकारी वकिलको निर्णयविना दायर भएको अभियोजनसम्बन्धी प्रारम्भिक काम कारबाही नै संविधानप्रतिकूल गैरकानूनी देखिन आएकोले त्यस्तो संविधानविपरीतको गैरकानूनी अभियोजनका आधारमा मुद्दाको सुनुवाइ गरी निवेदकलाई एक वर्ष कैदसमेत हुने ठहऱ्याएको मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतको मिति २०६१।१।२ को फैसला सदर गर्ने गरेको केन्द्रीय प्रहरी विशेष अदालतको मिति २०६३।३।१२ को निर्णय त्रुटिपूर्ण देखिन आएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ" भन्ने उल्लेख भएको पाइन्छ। यसरी उक्त फैसलामा प्रहरी ऐन, २०१२ को दफा ३४ को खण्ड (ग) (घ) र (छ) भई चल्न सक्ने वा नसक्ने विषयको विवाद भई उक्त मुद्दा सरकार वादी भई चल्न नसक्ने भन्ने निर्णयाधार कायम भई फैसला भएको र उक्त फैसला यस अदालतको पूर्ण इजलास (०६८-NF-०००६) बाट मिति २०७२।१०।१४ मा सदर भएको देखिन्छ। सर्वोच्च अदालतबाट भएका

माथि उल्लिखित फैसलाहरूमा निवेदकको विभागीय कारबाहीउपरको सम्बन्धमा नभई प्रहरी विशेष अदालतहरूबाट भएका फैसला सम्बन्धमा विवेचना भएको हुँदा अदालती कारबाहीको सन्दर्भमा भएको देखिने।

वस्तुतः निवेदकको मिति २०६१।१।१५ मा प्रहरी महानिरीक्षकबाट भएको निर्णयलाई मिति २०६६।८।२ मा गृहमन्त्रीबाट सदर गरी निजउपर भएको विभागीय कारबाहीको सम्बन्धमा प्रस्तुत रिट निवेदन मिति २०७३।१।२१ मा दर्ता भएको पाइन्छ। निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरी निर्णय भएको ७ वर्षपछि दर्ता गर्न ल्याएको विलम्बको सिद्धान्त (Principle of laches) ले मनासिब देखिएन । यी निवेदक मिति २०४३।८।२९ मा सेवा प्रवेश गरेको मिति २०७३।८।२९ मा निजको सेवा अवधि ३० वर्ष पूरा भइसकेको समेत देखिँदा यी रिट निवेदकको प्रहरी नियमावली, २०४९ को नियम ९८ को प्रावधानबाट सेवा गर्ने अवधि बाँकी नरहेको हुँदा रिट निवेदन जारी गर्ने प्रयोजन र औचित्य समाप्त भइसकेको देखिँदा पुनर्बहाली गरिपाउँ भन्ने निवेदकको दाबीसँग सहमत हुन नसकिने।

प्रहरी ऐन नियमविपरीत गैरहाजिर रही आफ्नो पदीय कर्तव्य, दायित्व र जिम्मेवारीप्रति बेवास्ता गरेको अवस्थामा भएको कारबाही र सो कारबाही पुनरावेदन सुन्ने निकायबाट सदर भएको लामो समयपछि विलम्ब गरी दायर हुन आएको प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृत : शिवहरी पौडेल
कम्प्युटर : कृष्णमाया खतिवडा
इति संवत् २०७९ साल भदौ १९ गते रोज १ शुभम्।

**७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७०-WO-०१३०, उत्प्रेषणसमेत, कमलवीरसिंह कंशाकारसमेत वि. भूमिसुधार कार्यालय, बबरमहल, काठमाडौंसमेत*

निवेदन तथा लिखित जवाफको समग्र अध्ययनबाट काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१० नं. स्थित कि.नं. १२५ को क्षेत्रफल ८-११-३-३ जग्गा बुद्धिरत्न कंसाकारसमेतका ९ जनाको संयुक्त नाममा रहेको निजी गुठी जग्गा रहेको कुरामा विवाद देखिएन । उक्त जग्गाको भूमिसुधार कार्यालय काठमाडौंबाट मिति २०४९।०५।२८ मा विपक्षीमध्येका दयाकृष्ण न्यौपानेका नाममा मोही कायम गर्ने गरी निर्णय भएको देखिन्छ। सो निर्णय बदर गरिपाउँ भनी यिनै निवेदकहरू जग्गाधनी कमलवीरसिंह कंसाकारसमेतले भूमिसुधार कार्यालय काठमाडौंमा द.नं.५२७५ मिति २०७०।०२।१२ मा अ.बं.८६ नं.बमोजिम निर्णय बदर गरिपाउँ निवेदन दिएको भन्ने भूमि सुधार कार्यालय काठमाडौंको लिखित जवाफबाट देखिन आएको छ । सो मुद्दामा यिनै प्रत्यर्थीहरूको प्रतिउत्तरसमेत परी उक्त निर्णय बदर मुद्दा भूमिसुधार कार्यालय काठमाडौंमा विचाराधीन रहेको देखिने।

प्रस्तुत विवादमा निवेदकहरूलाई सुनवाइको मौका नै नदिई मोही नै नरहेको निवेदकहरूको जग्गामा मोही कायम गर्ने गरी भूमि सुधार कार्यालय, काठमाडौंबाट मिति २०४९।०५।२८ मा भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी यस अदालतमा मिति २०७०।०४।३० मा प्रस्तुत रिट निवेदन दर्ता गरेको देखियो । यसै विषयमा निवेदकहरूले भूमि सुधार कार्यालय, काठमाडौंमा निर्णय बदर मुद्दा दिई विचाराधीन रहेको देखियो । यसरी एउटै विषयमा निवेदकले भूमिसुधार कार्यालयमा नालिस गरी मुद्दा विचाराधीन रहेको र सो निकायबाट कानूनी उपचार प्राप्त गर्ने अवस्था विद्यमान रहेको हुँदा साधारण अधिकार क्षेत्रअन्तर्गत भूमि सुधार कार्यालयमा विचाराधीन

रहेको विषयलाई असर पर्ने गरी असाधारण अधिकार क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने।

भूमिसुधार कार्यालय काठमाडौंको मिति २०४९।०५।२८ को निर्णयउपर भूमिसुधार कार्यालयमा नै निर्णय बदर मुद्दा विचाराधीन रहेको परिप्रेक्ष्यमा निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शिवहरि पौड्याल

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भदौ १९ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-CR-१३६०, सवारी ज्यान, नेपाल सरकार वि. भवानी शंकर सुवेदीसमेत*

प्रतिवादी भवानी शंकर सुवेदीले अदालतमा बयान गर्दा मोटरसाइकलको गति प्रतिघण्टा २५/३० कि.मि. रहेको भनी उल्लेख गरेको र वारदातको समय पनि बिहानको ९ बजे रहेकोले बिहानको ९ बजे धरानको व्यस्त बजार एरियाको सडकमा प्रतिवादीले तिव्र गतिमा सवारी चलाए होलान् भनी अनुमान गर्न मिल्ने देखिँदैन। वारदातस्थलको भौगोलिक स्थिति ओरालो सडक रहेको साथै धरानको बजार एरिया पनि रहेकोले मोटरसाइकल अनियन्त्रित गतिमा चलाउन सकिने कुरा स्वाभाविक हुँदैन। प्रतिवादी पसलमा काम गर्ने व्यक्ति भएको र पसलको रकम उठाउन जान लागेको अवस्थामा दुर्घटना हुन गएको पाइन्छ। मृतकले बाटो क्रस गर्ने क्रममा बिच सडकमा पुगेर उभिएकोले निज त्यहीँ रोकिने ठानी प्रतिवादी भवानी शंकर सुवेदीले मोटरसाइकल अगाडि बढाउदा मृतक पुनः अगाडि बढी मोटरसाइकलमा ठोकिन आएको देखिन्छ। सवारी साधन चल्ने सडकमा मृतकले सवारीको आवागमनबारेमा हेरी बुझी नगरी एक्कासि सडक क्रस गर्दा अकस्मात् प्रतिवादीले चलाएको मोटरसाइकलसँग ठक्कर लाग्न गएको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट खुल्न आउने।

मृतकको हकवालाले क्रिया खर्च तथा क्षतिपूर्तिबापतको रकम बुझिसकेको भन्ने भरपाई कागजबाट देखिन्छ। प्रतिवादी भवानी शंकर सुवेदीसँग टेम्पो चलाउने सवारी चालक अनुमति पत्र रहेको भन्ने खुल्न आएको छ। अर्का प्रतिवादी राजेश श्रेष्ठले अदालतमा बयान गर्दा मेरो को. ३ प. ३०२२ नं. को मोटरसाइकल मेरो पसलमा काम गर्ने भवानी शंकर सुवेदीले चलाउँदा सो मोटरसाइकलको ठक्करबाट श्यामकुमार जवेगुको मृत्यु भएको भन्ने सुनी थाहा पाएको हो। म धरानमा नभई काठमाडौंमा गएको अवस्थामा निज भवानी शंकर सुवेदीले मेरो श्रीमतीसमेतलाई थाहा नदिई मोटरसाइकल चलाई लिएर जाँदा उक्त घटना भएको रहेछ। निजसँग मोटरसाइकल चलाउने लाइसेन्स भए नभएको सम्बन्धमा मलाई थाहा भएन भन्ने बेहोरा लेखाएको देखिन्छ। जाहेरवाला तथा वादी पक्षका कुनै पनि साक्षी अदालतमा उपस्थित भई प्रतिवादीले लापरबाहीपूर्ण तरिकाले सवारी चलाई दुर्घटना गराएको हो भनी बकपत्र गरेको अवस्थासमेत देखिँदैन। मोटरसाइकलजस्तो सवारी साधन हाँकेको र अकस्मात् मृतकले सडक क्रस गर्दा ठक्कर लाग्न गएको साथै प्रतिवादीले जानी जानी लापरबाहीपूर्ण तरिकाले सवारी हाँकेको पनि प्रमाणबाट देखिन आएको पाइएन। प्रतिवादी पसलमा काम गर्ने व्यक्ति भएको र पसलको रकम उठाउन जाँदै गर्दा बिहान ९ बजेको समयमा वारदात भएको भन्ने परिस्थितिजन्य प्रमाणहरूले प्रतिवादीले लापरबाहीपूर्ण तरिकाले सवारी चलाएको भनी सजाय गर्न न्यायोचित नदेखिने।

प्रतिवादी भवानी शंकर सुवेदीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३)

बमोजिमको कसुरमा २५ (पच्चिस) दिन कैद र रू. दुई हजार जरिवाना गर्ने तथा ऐ. ऐनको दफा १६१(४) बमोजिम थप रू. २,०००।- (रू.दुई हजार) जरिवाना गर्ने र अर्का प्रतिवादी राजेश श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६५।०८।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - राजन खनाल

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भदौ २ गते रोज ५ शुभम्।

## ९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-CI-०३८६, निषेधाज्ञा, अर्जुनप्रसाद निरौला वि. निलमणि निरौला*

पुनरावेदक प्रतिवादी तथा विपक्षी वादीहरू एकापरिवारका अंशियार भई विधिवत् रूपमा अंश बन्डा भएको र सो अंश बन्डामा कुनै विवाद खडा नभएको तथा बकसपत्रबाट प्राप्त सम्पत्तिका सम्बन्धमा कानूनी विवाद परी अधिकार प्राप्त अदालतबाट भएको फैसला अन्तिम भई विवादको कानूनी रूपमा न्याय निरूपण भइसकेको देखिन्छ । यसरी निवेदकको एकलौटी हक स्वामित्व स्थापित भइसकेको कि.नं. ९३, ७०, २, २४ र १८५ का जग्गाहरू तथा ५ भागको १ भाग मात्र लिखत बदर हुने ठहरेको कि.नं. ६८ र ६ भागको १ भाग मात्र लिखत बदर हुने ठहरेको कि.नं. ६३ र ६५ तथा ५६७ का घर जग्गाहरूमा फैसलानुसारको हदसम्म निवेदकको हक भोग कायम रहेको कुरामा विवाद नरहने।

निवेदकले अंशबन्डा बकसपत्रबाट प्राप्त गरेका विपक्षीहरूले उल्लिखित घरजग्गामा आफ्नोसमेत हक रहेको कुराको वस्तुनिष्ठ प्रमाण देखाउन नसकेको र निवेदकको हक भोगलाई पनि चुनौती दिन नसकेको अवस्थामा अर्काको हकभोगको घर जग्गाको उपभोगमा बाधा व्यधान खडा गर्नु मनासिब र न्यायसङ्गत पनि देखिँदैन। प्रस्तुत मुद्दामा विपक्षीहरूले अतिक्रमण गर्ने आशंका भएको भनिएको कित्ता जग्गाको सम्बन्धमा कुनै अदालतमा मुद्दा चलिरहेको वा विचाराधीन रहेको भन्ने देखिँदैन । निवेदनमा उल्लिखित कित्ता जग्गामा निवेदकको निवेदनमा उल्लेख भएबमोजिम कानूनबमोजिम हक स्थापित रहे भएको भन्ने देखिन्छ। कानूनबमोजिम हक भई दर्ता स्रेस्ता रहेको व्यक्तिले आफ्नो सम्पत्ति निर्वाध उपयोग र उपभोग गर्न पाउने नै देखिन्छ । निवेदकको हक अधिकार र दर्ता स्रेस्ता रहेका निवेदन मागदाबीका कित्ता जग्गाहरू र घरमा निवेदकको हक हित र संरक्षण गरिपाउने अधिकार कानूनले निवेदकलाई दिएको देखिँदा निवेदनमा उल्लिखित कित्ता जग्गा र घरमा प्रवेश गर्नसमेतमा निवेदकलाई हस्तक्षेप नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी गर्ने गरी उच्च अदालत, जनकपुर राजविराज इजलासबाट भएको फैसला अन्यथा नदेखिने।

निवेदनमा उल्लिखित कि.नं. ९३, ७०, २, २४, १८५, २९२ र १०५ का कित्ता जग्गाहरू निवेदकका नाममा दर्ता रहेको र कि.नं. ५७८ र ६८ का कित्ता जग्गाहरू निवेदकका नाममा दर्ता रही उक्त जग्गामा ६ भागको १ भाग मात्र बकसपत्र बदर भएकाले अदालतको फैसलासमेतबाट निवेदकको हकको भएको भन्ने निवेदन दाबी रहेको देखिँदा कि.नं. ५७८ र ६८ का कित्ता जग्गामा निवेदकको हक रहेको ६ भागको ५ भाग घर र जग्गासमेतमा निवेदकको सहमति मन्जुरीबेगर निवेदकको हकभोग दर्ताको उल्लिखित जग्गाहरू र घरमा अनधिकृत प्रवेश नगर्नु, नगराउनु र घरमा प्रवेश गर्न बाधा अवरोध नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश

जारी हुने ठहरी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७६।१०।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल मंसिर २९ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७५-CR-०३९४, ठगी, गणेशलाल देशार वि. नेपाल सरकार*

प्रतिवादीबाट ठगी मुद्दामा सुरू अदालतबाट रू.१८,००,०००।– धरौटी माग भएकोमा उक्त धरौटीबापत जिल्ला काभ्रेपलान्चोक नासिक स्थान साँगा गा.वि.स. वडा नं. ५ क कि.नं. १७ को जग्गा जेथा जमानत दिई तारेखमा रहेको भन्ने देखिन्छ । सो जग्गा जेथा अरू व्यक्तिले राखिदिएको भन्ने देखिन्छ । प्रतिवादीले सुरू अदालतबाट तोकिपाएको मिति २०७३।३।२९ को तारेख गुजारी थाम्ने थमाउने अवधि व्यतीत भएको भनी धरौटबापत राखेको जग्गा जफत हुने ठहरी फैसला भएको पाइन्छ। धरौट राख्ने सम्बन्धमा साबिक मुलुकी ऐन अदालती बन्दोबस्तको १२४ क नं. बमोजिम कागज गराइ धरौटी राखेको देखिन्छ। सो ठगी मुद्दा अभियोग दाबी नपुग्ने र प्रतिवादीले सफाइ पाउने ठहरी विनिमय अधिकार पत्र ऐन, २०३४ को दफा १०७ क बमोजिम साबिक सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ अनुसार चेक अनादरमा परिणत गरिएको पाइयो। विवादित चेक करकापमा पारी गराएको भनी मुद्दा परेकोमा तत्कालीन पुनरावेदन अदालत बुटवलमा दुवै पक्ष वादी प्रतिवादीको बिचमा घरसारमा व्यवहार मिलिसकेको भनी मिलापत्र भएको पाइयो । साबिक मुलुकी ऐन अ.बं. १२४ क को कानूनी व्यवस्थाको मनसाय हेर्दा पनि धरौट राखेको अङ्क असुलउपर गर्नुपर्नेसम्म रहेको हुँदा बढी रहेको जेथा फिर्ता गर्नुपर्ने हुन्छ । जुन कसुरमा धरौटी मागिएको हो सो कसुर कायम नरही देवानी दायित्वको मुद्दामा परिणत गरेको स्थिति रहेको छ। प्रस्तुत ठगी मुद्दा उच्च अदालतबाट फैसला नहुँदै सोही अदालतमा परेको करकाप मुद्दामा लेनदेन व्यवहार घरसारमा मिलाई दुवै पक्षले मन्जुर गरी मिति २०७३।११।१० मा मिलापत्र गरेको देखिन्छ। यस्तो स्थितिमा ठगी मुद्दामा धरौटबापतमा राखेको अन्य व्यक्ति नाउँको उल्लिखित कि.नं. १७ को जग्गा जफत गर्नु न्यायोचितसमेत भएन । अतः उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट प्रतिवादीले राखेको जेथा जफत गर्ने गरेको हदसम्मको फैसला मिलेको नदेखिने।

प्रतिवादीले ठगी मुद्दामा धरौटबापतमा राखेको जग्गा जफत गर्ने गरी रूपन्देही जिल्ला अदालतबाट मिति २०७३।०६।०९ मा भएको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।०२।२४ को फैसला जेथा धरौट राखेको जग्गा जफत गरेको हदसम्म नमिलेको हुँदा केही उल्टी भई उल्लिखित कि.नं. १७ को जग्गा जफत नहुने।

इजलास अधिकृत : सीताराम खड्का

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल असार १६ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७५-CR-०३९३, गणेशलाल देशार वि. नेपाल सरकार भएको मुद्दामा समेत यसैअनुसार फैसला भएको छ।

११

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, ०७६-CR-१८१३, ठगी, नेपाल सरकार वि. मिलन भन्ने लोकराज शाही

प्रतिवादीले जाहेरवालालाई चेक सही

गरिदिएको कुरा स्वीकार गरेको अवस्थामा सो चेक अनुसारको रकम प्रतिवादीले वादीलाई दिएबुझाएको भन्ने प्रमाण पेस भएको छैन । विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ क मा "बैंकमा आफ्नो निक्षेप छैन वा भए पनि पर्याप्त छैन भन्ने जानी जानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैंकसमक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैंकबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लिखित रकम र ब्याजसमेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रूपियाँसम्म जरिवाना वा दुवै सजाय हुने छ" भन्ने उल्लेख भएको देखिन्छ । अतः चेकमा भएको रकम बैंकमा मौज्दात नरही चेक नसाटिएको कुरा चेक अनादरको विषयभित्र पर्ने देखियो । प्रतिवादीको सो कार्य विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ क बमोजिम चेक अनादरको विषय देखिँदा साबिक सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ र प्रचलित मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम सरोकारवाला व्यक्तिले सकार गर्न आएमा चेक अनादरमा परिणत गर्नुपर्ने देखिँदा सो नगरेको हदसम्म उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको फैसला मिलेको नदेखिने ।

प्रतिवादी लोकराज शाहीलाई ठगीको अभियोग दाबीबाट सफाइ दिने गरी बाँके जिल्ला अदालतबाट मिति २०७५।०१।१६ मा भएको फैसला उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७६।०५।१५ मा सदर हुने ठहर्‍याई भएको फैसला केही उल्टी भई साबिक सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ र प्रचलित मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम सरोकारवाला व्यक्तिले सकार गर्न आएमा यसै मिसिलबाट पक्ष कायम गरी कारबाही किनारा गर्नु भनी चेक अनादरमा परिणत हुने ठहर्छ । पुनरावेदन वादी नेपाल सरकारको अभियोग मागदाबीबमोजिम ठगीमा सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत - सीताराम खड्का

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल असार १६ गते रोज ५ शुभम् ।

**१२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CR-१७५९, ०७२-CR-१९१७, ०७३-CR-०२२५, ०७३-CR-२५२, सरकारी छाप दस्तखत किर्ते, विष्णुदेवप्रसाद चौधरी, वि. नेपाल सरकार, नेपाल सरकार वि. विष्णुदेवप्रसाद चौधरीसमेत, पृथीमान सार्की वि. नेपाल सरकार, भुपबहादुर खत्री गौली वि. नेपाल सरकार*

प्रतिवादीहरूउपर मौकामा किटानी जाहेरी परेको देखिन्छ । वस्तुस्थिति मुचुल्काका मानिसहरूले पनि निजहरू कसुरदार रहेको कुरा लेखाइदिएको पाइन्छ । प्रतिवादीमध्येका पृथीमान सार्कीले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा तत्कालीन नापी कार्यालयका प्रमुख विष्णुदेवप्रसाद चौधरी र कार्यालय सहयोगी गौली सर भन्नेसमेतको मिलेमतोमा उक्त जग्गा मेरो नाममा राखी दर्ता गराउने योजना भएको हो भनी बयान गरेका छन् । प्रतिवादी पृथीमान सार्कीलाई नै प्रत्यक्ष रूपमा फाइदा हुने गरी फिल्डबुकमा नाम सच्याई दर्ता प्रक्रियामा गएको भन्नेसमेत तथ्य रहेको छ । निजलाई फाइदा हुने गरी फिल्डबुकमा नाम लेखिनुमा निजको सहमति, मिलेमतो रहनु स्वाभाविक हुने हुन्छ । सो फिल्डबुक उतार हुँदा नापी कार्यालयका प्रमुख विष्णुदेवप्रसाद चौधरी र कार्यालय सहयोगी भुपबहादुर गौली खत्री रहेको भन्ने उल्लेख छ । सो समयमा निज प्रतिवादीहरू नापी कार्यालयमा कार्यरत

नरहेको भन्ने जिकिरसमेत लिएको छैन । प्रतिवादी विष्णुदेवप्रसाद चौधरीले इन्कारी बयान गरेको भए तापनि प्रतिवादी पृथीमानले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा आफूसमेत साबित भई यी प्रतिवादी विष्णुदेवप्रसाद चौधरीलाई किर्ते गर्ने गराउने कार्य गरेको भनी बयान गरेको देखिन्छ । सोही कार्यालयका अमिन मानपुर चौधरीले नापी कार्यालय, उदयपुरको फिल्डबुकलगायतका महत्त्वपूर्ण कागजातहरू विष्णुदेवप्रसाद चौधरीकै जिम्मामा रहन्थ्यो, फिल्डबुक किताबमा जग्गाधनीको महलमा पृथीमान सार्कीको नाम रहेको कुरा थाहा भएपछि निकै खुल्दुली चल्यो, पछि निज विष्णुदेवप्रसाद चौधरीले पदबाट राजीनामा दिए, विष्णुदेवप्रसाद चौधरी र पृथीमान सार्की भई सरकारी जग्गा व्यक्तिको नाममा लान प्रयास गरेको भनी कागज गरिदिएको पाइन्छ । अर्का प्रतिवादी भुपबहादुर गौली खत्रीले आफू कार्यालय सहयोगी भएको कारण स्रेस्ता सम्बन्धमा थाहा नहुने भनी इन्कारी बयान गरेको भए तापनि प्रतिवादी पृथीमान सार्कीले फिल्डबुक सच्चाउनमा निजको पनि भूमिका रहेको भनी खुलाइदिएको तथा अनुसन्धानको क्रममा निज भुपबहादुर गौलीको हस्ताक्षर राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा जाँच गर्न पठाएकोमा जाँच भइआएको परीक्षण प्रतिवेदनमा यी प्रतिवादी भुपबहादुर गौली खत्रीको हस्ताक्षर मिले भिडेको भन्ने प्रतिवेदनबाट देखिने ।

मिसिल संलग्न दाबीको जग्गाको फिल्डबुकमा जग्गाधनीको महलमा टिपेक्स लगाई भएको बेहोरा मेटी प्रतिवादी पृथीमान सार्कीको तीन पुस्ता खुलाई नाम उल्लेख गरेको अवस्था देखिन्छ । लिखत पूरै अर्को तयार गरेको अवस्था नहुँदा किर्ते कागजको १ नं. आकर्षित नभई २ नं. बमोजिमको कसुर अपराध गरेको देखिँदा पुनरावेदन अदालत राजविराजबाट साबिक मुलुकी ऐन, किर्ते कागजको २ नं. को कसुर कायम गरी ऐ. को १२ नं.बमोजिम प्रतिवादी पृथीमान सार्कीलाई कैद वर्ष १ र अन्य कार्यालयका कर्मचारीहरू विष्णुदेवप्रसाद चौधरी र भुपबहादुर गौली खत्रीलाई जनही २ वर्ष कैद गर्ने गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादीहरू विष्णुदेवप्रसाद चौधरी, भुपबहादुर गौली र पृथीमान सार्कीलाई पुनरावेदन अदालत राजविराजबाट भएको फैसला अनुसारको जरिवाना नहुने भई सो हदसम्म तत्कालीन पुनरावेदन अदालत राजविराजको फैसला केही उल्टी भई प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ (३) (ग) बमोजिम जनही रू.७०,०००।- (सत्तरी हजार) जरिवाना हुने ।

प्रतिवादीहरू विष्णुदेवप्रसाद चौधरी, भुपबहादुर गौलीलाई साबिक मुलुकी ऐन, किर्ते कागजको महलको १२ नं. बमोजिम जनही २ (दुई वर्ष) कैद र पृथीमान सार्कीलाई १ (एक) वर्ष कैद सजाय हुने गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।०३।०७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । निज प्रतिवादीहरूलाई भएको जनही रू.८४,७५,०००।- जरिवाना हुने गरी भएको ठहरको हकमा संहितामा लेखिएभन्दा बढी सजाय रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने हुँदा प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ (३) (ग) बमोजिम तत्कालीन पुनरावेदन अदालत, राजविराजबाट पुनरावेदक प्रतिवादीहरूलाई जनही रू.८४,७५,०००।- जरिवाना गर्ने गरी मिति २०७२।०३।०७ मा भएको फैसला केही उल्टी भई प्रतिवादीहरू विष्णुदेवप्रसाद चौधरी, भुपबहादुर गौली खत्री र पृथीमान सार्कीलाई जनही रू.७०,०००।-

(सत्तरी हजार) जरिवाना हुने ।
इजलास अधिकृत - सीताराम खड्का
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०७९ साल असार १६ गते रोज ५ शुभम् ।

## १३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CI-१७५४, निर्णय दर्ता बदर हक कायम, मनोजकुमार खड्कासमेत वि. प्रमिला थापासमेत*

पुनरावेदन जिकिर र बहस जिकिर रहेको प्रस्तुत मुद्दामा विवादित कि.नं.१५० र कि.नं. १६४ का जग्गाहरू पिता बलबहादुरका नाउँमा नापी भई दर्ता गर्न छुट भएकोले पिताको शेषपछि हक खाने हामी ५ जना छोरीहरूको नाउँमा संयुक्त दर्ता गरिपाउँ भनी प्रतिवादीहरूको निवेदन परेको देखिन्छ । यी पुनरावेदकहरू मालपोत कार्यालयमा हाजिर भई सो जग्गामा हक दाबी गरेको पाइए तापनि अंश मुद्दामा भएको फैसलासमेतका आधारमा बलबहादुरका छोरीहरूको नाउँमा संयुक्त दर्ता गर्ने गरी मालपोत कार्यालय ललितपुरबाट निर्णय भएको पाइन्छ । विवादित कि.नं. १६४ को फिल्डबुक उतार हेर्दा जग्गाधनीमा प्रतिवादीका पिता बलबहादुरको नाम उल्लेख भई नापी भएको पाइन्छ । सो फिल्डबुकको कैफियत महलमा यो जग्गा मेरो छोराको हक भोगको हो भनी बलबहादुरका पिताले लेखाइदिएको पाइन्छ । साथै कि.नं. १५० को जग्गा पनि बलबहादुरको नाउँमा नापीकै समयमा जग्गाधनीको महलमा नाम उल्लेख भएको पाइन्छ । नापीकै समयमा वादी प्रतिवादीका पिताहरूको नाउँमा अलग अलग कित्ता जग्गाहरू नापी भई निजहरूको हक भोग रहेको भनी जनाई नापनक्सा भएको देखियो । नापीको समयमा नै वादी प्रतिवादीका बाजेले आफ्नो छोराहरू ज्ञानबहादुर र जीतबहादुरको अलग अलग नापनक्सा गरी विवादित कित्ता जग्गाहरू बलबहादुर खड्काको हकभोगको भनी जनाइदिएकाले वादी र प्रतिवादीहरूका पिता नापीकै समयदेखि नै व्यवहार प्रमाणबाट छुट्टी भिन्न भएको तथ्यलाई पुष्टि गरेको छ । पुनरावेदक वादीहरूको पिता ज्ञानबहादुर खड्काको नाउँमा नापी हुँदाकै अवस्थामा जग्गा नापनक्सा भएको मालपोत कार्यालय, ललितपुरबाट प्राप्त दर्ता स्रेस्ताबाट देखिएको छ । संवत् ०६७ सालमा यिनै वादीले यी प्रतिवादीहरूउपर दिएको अंश मुद्दामा मिति २०६७।११।१५ मा दाबी नपुग्ने ठहरी सो फैसला अन्तिम भएको पाइन्छ । प्रत्यर्थीहरूको नाउँमा छुट जग्गा दर्ता हुनुपहिला नै अंश मुद्दा परी सो अंश मुद्दाबाट यी वादीहरूले अंश नपाउने ठहरी फैसला अन्तिम भई बसेको अवस्थामा प्रतिवादीहरूका पिताको नाउँमा नापनक्सा भएको जग्गा निजहरूको नाउँमा दर्ता हुने गरी भएको मालपोत कार्यालय, ललितपुरको निर्णय अन्यथा नदेखिने ।

विवादित कि.नं. १५० र कि.नं. १६४ का जग्गामा वादीहरूको अंश हक रहेको नपाइँदा प्रतिवादीहरूका पिताका नाउँमा नापनक्सा भई दर्ता हुन छुट भएको उल्लिखित जग्गा प्रतिवादीहरूको नाउँमा दर्ता भई नामसारी हुने गरी मालपोत कार्यालय, ललितपुरबाट भएको निर्णय बदर गरिपाउँ भन्ने वादी दाबी नपुग्ने गरी ललितपुर जिल्ला अदालतबाट मिति २०७०।१०।२९ मा भएको फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, पाटनको मिति २०७२।०४।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सीताराम खड्का
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०७९ साल असार १४ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७३-CI-१७५५, लिखत बदर, मनोजकुमार खड्कासमेत वि. प्रमिला

थापासमेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं.६

### १४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७५-WO-०३४४, उत्प्रेषणयुक्त परमादेश, राधेश्याम शाह वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत*

रिट निवेदक राधेश्याम साहले लोक सेवा आयोग पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटाद्वारा मिति २०७२।१०।२७ मा प्रकाशित विज्ञापन नं. १०१२८/०७२-०७३ खुला तथा विज्ञापन नं. १०१३१/०७२-०७३ मधेसी समूहतर्फ स्वास्थ्यसमूह पाँचौँ तहको एनेस्थेटिक सहायक पदको लागि गरिएको विज्ञापनबाट उत्तीर्ण उम्मेदवार डम्मरप्रसाद दासले मिति २०७४।०२।२२ बाट लागु हुने गरी नियुक्ति पाउनु भएको र निवेदकले मिति २०७४।११।२९ देखि लागु हुने गरी नियुक्ति पाई निवेदकको वृत्ति विकास र आर्थिक स्रोतमासमेत असर परेकाले सोही मितिदेखि तलब, भत्ता पाउनुपर्छ भन्ने निवेदकको मागदाबी रहेकोमा निवेदकले खुला प्रतियोगिताद्वारा भएको सिफारिस अनुसार नियुक्ति पाई काम गर्दैआएको अवस्थामा हाल आएर नियुक्तिको लागि सिफारिस भएको मिति अगाडिदेखि तलब, भत्ता पाउने स्पष्ट कानूनी व्यवस्था देखिँदैन । स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ३७ मा "कर्मचारीले आफ्नो पदमा बहाली गरेको दिनदेखि तलब र भत्ता पाउने भए भत्तासमेत पाउने छ" भन्ने व्यवस्थाबाट विधायिकाको मनसाय भनेको कर्मचारीले नियुक्ति पाई कार्यालयमा हाजिर भएको मितिबाट तलब भत्ता पाउने र सोही मितिबाट ज्येष्ठतसमेत कायम हुने भन्ने नै देखिन्छ । निवेदकले मिति २०७२।१०।२७ मा प्रकाशित विज्ञापन नं.१०१२८/०७२-०७३ खुला तथा विज्ञापन नं.१०१३१/०७२-०७३ मधेसीसमूहतर्फ स्वास्थ्यसमूह पाँचौँ तहको एनेस्थेटिक सहायक पदको लागि गरिएको विज्ञापनमा निजलाई संलग्न नगराएउपर परेको रिट निवेदनमा सो विषयमा माग नगरेकोले मिति २०७४।०८।२४ मा आदेश हुँदा सोबारे बोलिएको देखिँदैन । निवेदकले दायर गरेको रिट नं. ०७३-WO-१३४० को रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०७४।०८।२४ मा भएको आदेशमा लोक सेवा आयोगको केन्द्रीय कार्यालय, अनामनगरको मिति २०७३।१०।२४ को पत्रबमोजिम मिति २०७४।०२।१८ को दरखास्त फाराम रद्द गर्ने गरी भएको सोही मितिको पत्रसमेत उत्प्रेषणको आदेशले बदर गरी निवेदकको योग्यता नपुगेको भन्न नमिल्ने भन्ने उल्लेख भएको र उक्त आदेशबमोजिम लोक सेवा आयोगबाट मिति २०७४।११।०६ मा गरेको निर्णयानुसार निवेदकले उल्लिखित स्वास्थ्य सेवा, स्वास्थ्य समूह, पाचौँ तहको एनेस्थेटिक सहायक पदमा सुरू नियुक्ति पाएँ तत्पश्चात् मात्र निवेदकले तलब, भत्ता पाउन सक्ने भन्ने देखियो । निवेदकको मागबमोजिम नियुक्ति हुनुभन्दा अगाडिको मिति कायम गरी ज्येष्ठता कायम गर्न वा तलब भत्ता पाउनुपर्छ भन्ने निवेदकको मागदाबी कानूनमा आधारित नदेखिँदा स्वीकार गर्न नमिल्ने ।

निवेदकले मिति २०७२।१०।२७ मा प्रकाशित विज्ञापनबमोजिम नियुक्ति प्राप्त उम्मेदवार डम्मरप्रसाद दासले मिति २०७४।०२।२२ बाट लागु हुने गरी नियुक्ति पाउनु भएको र निवेदकले मिति २०७४।११।२९ देखि लागु हुने गरी नियुक्ति पाई निवेदकको वृत्तिविकास र आर्थिक अवस्थामा समेत असर परेकाले सोही मितिदेखि ज्येष्ठता कायम गरी

सोही मितिदेखि तलब, भत्ता तथा अन्य सुविधासमेत पाउँ भन्ने निवेदन जिकिर कानूनमा आधारित नदेखिँदा निवेदन मागअनुसार आदेश जारी गर्न मिल्ने अवस्था विद्यमान रहेको नदेखिएकाले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल भाद्र १२ गते रोज ०१ शुभम् ।

**१५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७१-CI-०१७४, अंश चलन, मुसावरी भन्ने भिमकुमारी मगरसमेत वि. आशिष राना मगरसमेत*

वादीको अंश भाग लाग्ने ठहर भएका जग्गाहरूमध्ये भिमकुमारीको नाउँको डाँछी वडा नं. ९ को कित्ता नं. १६५ को जग्गा निजी आर्जनको भएकाले बन्डा नलाग्ने जग्गा हो भन्ने प्रतिवादीको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, वादी प्रतिवादीहरू एकासगोलमा रहेका बखत उक्त जग्गा भिमकुमारीको नाउँमा आएको देखिन्छ भने सो जग्गा कुनै निजी स्रोतबाट खरिद गरेको भन्ने प्रमाण प्रतिवादीहरूबाट पेस हुन सकेको देखिँदैन । सगोलमा रहँदा सगोलको कुनै अंशियारको नाममा खरिद गरिएको सम्पत्ति निजी स्रोतबाट खरिद गरेको भन्ने जिकिर खम्बिर हुन नसकेको अबस्थामा त्यस्तो सम्पत्तिलाई सगोलकै मान्नुपर्ने हुन्छ। दाबीको जग्गा निजी स्रोतबाट खरिद गरेको पुष्टि हुन नसकेको हुँदा उक्त कि.नं. १६५ को जग्गा अंशियारहरूबिच बन्डा हुनुपर्ने होइन भन्ने प्रतिवादीको पुनरावदेन जिकिरसँग समेत सहमत हुन नसकिने।

प्रतिवादी भिमकुमारी मगरको नाउँमा दर्ता रहेको कि.नं. १६५ र विरबहादुर मगरको नाउँमा दर्ता रहेको कि.नं. ३९१, २५५, २७१, २९६, ५८६, ८१२ र ३०२ का जग्गाहरूबाट मात्र वादीहरूले २ भागको १ भागबाट २ भागको १ भाग अंश हक छुट्याइलिन पाउने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।०३।२९ को फैसला केही उल्टी गरी सुरू फैसलाले बन्डा लाग्ने ठहर गरेका कि.नं. १६५, ३९१, २५५, २७१, २९६, ५८६, ८१२ र ३०२ का जग्गाहरूका साथै मूल पुरूष झम्कबहादुर मगर जग्गाधनी जनिई सर्भे नापी भएका वडा नं. ९(च) कि.नं. २३, १५८, वडा नं. ९(ङ) कि.नं. ७०, ७३, ७४, ७५, ७६, ७७ र र कृष्णबहादुर मगर जग्गाधनी जनिई सर्भे नापी भएका वडा नं. ९(च) कि.नं. १६ र २४ र वडा नं. ९(ङ) कि.नं. ३९ र ८२ का जग्गाहरू दर्ता भएका अवस्थामा २ भागको १ भागबाट २ भाग लगाई १ भागसमेत वादीहरूले अंश छुट्याइलिन पाउने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।०८।३० को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : पुष्कलराज प्रसाई / विकाशकुमार रजक

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल माघ ५ गते रोज ५ शुभम्।

**१६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७३-CI-१६५५, खिचोला मेटाई सार्वजनिक बाटो कायम, तिरथ माझी मल्लाहसमेत वि. सोहराती मल्लाह*

फिराद दाबीमा खिचोला भएको भनिएको सार्वजनिक बाटोको ट्रायल चेक हेर्दा बाटोको पूर्वतर्फ १२ फिट र पश्चिमतर्फ २६ फिट चौडाइ रहेको देखिन्छ भने अदालतबाट भएको नक्सा मुचुल्कामा उक्त सार्वजनिक बाटोको पूर्वतर्फ १४ फिट र पश्चिमतर्फ १७ फिट चौडाइ रहेको देखिन्छ। यसरी उल्लिखित

सार्वजनिक बाटोको पूर्वतर्फको चौडाइ ट्रेस नक्साभन्दा फिल्डमा २ फिट बढी रहेको र पश्चिमतर्फको चौडाई ट्रेस नक्साभन्दा फिल्डमा ९ फिट कम रहेको देखिन आयो।

ट्रेस नक्साभन्दा नक्सा मुचुल्कामा सार्वजनिक बाटो कम रहेको स्पष्ट देखिएकोमा फिराद दाबी नपुग्ने भनी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकिर छ सोतर्फ हेर्दा प्रत्यर्थी प्रतिवादीको कि.नं. ५९९ को जग्गाको दर्ता स्रेस्ता र ट्रेस नक्साभन्दा फिल्डमा १ धुर कम रहेको देखिएबाट प्रतिवादी स्वयम्को भोगमा जग्गा कम रहेको अवस्थामा निजले सार्वजनिक बाटो खिचोला गरेको भन्न मिल्ने देखिन आएन । नाप नक्सा गर्दा कि.नं. ५९९ को दक्षिणतर्फ रहेको सार्वजनिक बाटो कम देखिए पनि यी प्रतिवादीले नै उक्त सार्वजनिक बाटो खिचोला गरेको भन्ने दाबी पुष्टि हुन नसकेको अवस्थामा वादी दाबी पुग्न नसक्ने भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०७३/३/६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर - पद्मा आचार्य

इति संवत् २०७९ साल मंसिर ८ गते रोज ५ शुभम् ।

**१७**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CI-१६५३, अंशबन्डापत्र बदर अंश नामसारी, रामचन्द्र अहिरसमेत वि. विशम्भर यादव*

पुनरावेदक प्रतिवादीहरूले पिता पुर्खाका बिच १०० वर्ष अगाडि बन्डा भएको भनी प्रतिवाद गरे तापनि सोको निश्चयात्मक प्रमाण पेस गर्न सकेको देखिँदैन । महावली अहिरले दायर गरेको मुद्दामा मिति २०६६/१२/२४ मा यस अदालतबाट फैसला हुँदाका बखतसम्म पुनरावेदक एवम् प्रत्यर्थीका पिता पुर्खाबिच बन्डा नभएको स्पष्ट रूपमा देखिन्छ । तत्पश्चात् पनि लखपत र सर्जुको हाँगाबिच व्यवहार प्रमाणमा अंशबन्डा भएको भनी पुनरावेदक प्रतिवादीहरू कुनै प्रमाण गुजार्न सकेको देखिँदैन । सो परिप्रेक्ष्यमा लखपत र सर्जुका हागाका अंशियारहरू एकासगोलमा रहे भएको देखिँदा साबिक मुलुकी ऐन, अंश बन्डाको महलबमोजिम प्रस्तुत मुद्दाको फिराद परेको अघिल्लो दिनलाई मानो छुटिएको मिति कायम गरी यी वादी प्रतिवादीहरूले महावली अहिरले दायर गरेको अंश नामसारी मुद्दाको तायदातीबमोजिम आ-आफ्नो हागाँबाट अंश हक पाउने देखिन आयो।

महावली अहिर वादी रहेको अंश नामसारी मुद्दामा तहतह हुँदै लखपत, सर्जु र जयपालबिच अंशबन्डा नभएको भनी सर्वोच्च अदालतबाट फैसला भएको अवस्थामा उक्त मुद्दा विचाराधीन हुँदा मिति २०६६/९/२१ मा नै सर्जुका हाँगाका अंशियारहरूले बन्डा पत्र खडा गरी अंश बन्डा गरेको देखिन्छ । सो अवस्थामा प्रस्तुत विवादको निर्क्यौल गर्दा मिति २०६६/९/२१ को बन्डापत्रको कानूनी औचित्यको बारेमा स्पष्ट रूपमा सम्बोधन हुनुपर्नेमा यसै बन्डापत्रलाई जालसाज घोषित गरिपाउँ भनी दायर भएको लगाउको मुद्दामा बन्डापत्र बदरतर्फको दाबीमा बोलिरहन नपर्ने भनी भएको सुरू रुपन्देही जिल्ला अदालतको फैसला न्यायसङ्गत नदेखिने।

वादी प्रतिवादीहरूको पुस्तावलीमा विवाद नभएको तथा तह-तह हुँदै सर्वोच्च अदालतबाट नै वादी प्रतिवादीहरूका पिता पूर्खाबिच अंशबन्डा नभएको ठहर गरी मिति २०६६/१२/२४ मा फैसला भएकोमा सो फैसलाको प्रतिकूल हुने गरी मिति २०६६/९/२१ मा सर्जुका हाँगाका अंशियारहरूले अंशबन्डा गरेको देखिइरहेको अवस्थामा उक्त बन्डापत्रको सम्बन्धमा

केही नबोलेको रूपन्देही जिल्ला अदालतको फैसलालाई बदर गरी फिराद परेको दिनलाई मानो छुटिएको मिति कायम गरी बुझ्नुपर्ने प्रमाण बुझी सर्जुतर्फका प्रतिवादीहरूबिच भएको अंशबन्डा पत्र बदर सम्बन्धमा समेत बोली मुद्दाको किनारा लगाउनु भनी सुरू जिल्ला अदालतमा मुद्दा फिर्ता पठाउने गरी पुनरावेदन अदालत बुटवलले मिति २०७३/५/५ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर - पद्मा आचार्य

इति संवत् २०७९ साल मंसिर ८ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०७३-CI-१६५४, बाली बिगो, रामचन्द्र अहिरसमेत वि. महावली अहिर
- ०७३-CR-१५१०, जालसाजी, रामचन्द्र अहिरसमेत वि. विशम्भर यादव

१८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७३-CI-१०६२, घर जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ, मदनविक्रम नेम्वाङसमेत वि. जयप्रसाद श्रेष्ठ*

पुनरावेदक प्रतिवादीको जग्गा प्रत्यर्थी वादीले प्रतिवादीबाट दुई पटकमा राजीनामा पारित गरी आफ्नो नाममा दर्ता गरी घर बनाई निरन्तर हक भोग गरिआएको कुरामा कुनै विवाद देखिँदैन । पुनरावेदक प्रतिवादीले आफ्नो विवादित कि. नं. १३३९ को जग्गा वादीलाई राजीनामा पारित गरिदिएको र कि. नं. १३४० को ज. वि. ०-७-१० को जग्गा दृष्टिबन्धक गरिदिएको हो राजीनामा गरिदिएको होइन भनी लिएको प्रतिउत्तर जिकिर पुष्टि गर्ने गरी दृष्टिबन्धकको कागजसमेत पेस गर्नसकेको अवस्था छैन । प्रत्यर्थी वादी जयप्रकाश श्रेष्ठले पेस गरेको उक्त विवादित कि.नं. १३३९ र १३४० को मालपोत कार्यालय, भद्रपुर झापाको निजको नाममा दर्ता रहेको जग्गाधनी प्रमाण पुर्जाको मिसिल संलग्न प्रतिलिपिबाट निजको हक भोग रहे भएको देखियो । निजको एकलौटी हकभोगका सम्बन्धमा झापा जिल्ला अदालतको मिति २०६९।०६।०४ को आदेशले खटिएको डोरबाट नाप नक्सामा हुँदा नं नं. १, २ र ३ मा बाटो, न. नं. ४ साबिक कि.नं. १४७२ को जग्गा, न. नं. ५, ६ र ७ मा कि.नं. १३३९ को जग्गा वादी जयप्रकाश श्रेष्ठको नाम दर्ताको जग्गामा बनेको घर प्रतिवादी मदनविक्रम नेम्वाङसमेतको भोगमा रहेको, न. नं. ९, र १० को कि.नं. १३३९ को जग्गा वादी जयप्रकाश श्रेष्ठको नाममा दर्ता जग्गा न्यु होप आवासीय बोर्डिङ्ग स्कुलको भोगमा रहेको, न. नं. ११ र १३ को कित्ता नं. १४७३ को जग्गा न्यु होप आवासीय इन्टरनेसनलको भोगमा रहेको र न.नं. १२, १५, १६ र १७ को कि. नं. १३४० को जग्गामा बनेको घर वादी जयप्रकाश श्रेष्ठको नाममा दर्ता रहेको भन्ने बेहोरा जिल्ला अदालतले खडा गरेको मिति २०६९।०८।१७ गतेको नक्सा मुचुल्काबाट देखिन्छ। उक्त नाप नक्सा मुचुल्काको न. नं. ६, ७, १०, १५ र १६ मा अवस्थित घर वादीको नाम दर्तामा रहेको जग्गा भई सोमा प्रतिवादीले खिचोला गरेको र न. नं. ६, ७, १०, १५ र १६ का घर जग्गासमेत प्रतिवादीले खिचोला गरेकोले वादीले चलनसमेत चलाइपाउने गरी भएको फैसलालाई अन्यथा भन्न मिलेन।

विवादित कि. नं. १३३९ र १३४० को जग्गा र उक्त जग्गामा बनेको घरसमेत पुनरावेदक प्रतिवादीले खिचोला गरेकोले वादीले चलनसमेत चलाइपाउने ठहऱ्याई पुनरावेदन अदालत इलामबाट मिति

२०७२।०५।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल मङ्सिर ८ गते रोज ५ शुभम् ।

१९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७७-CI-०४२८, जोत नामसारी, देवेन्द्र श्रेष्ठ वि. ईन्द्रलक्ष्मी श्रेष्ठ*

भूमिसम्बन्धी ऐन, २०२१ संशोधन भई मोहियानी हक बुहारीमा जाने गरी कानूनी व्यवस्था भएपछि सो प्रचलित कानूनले प्रदान गरेको सुविधा तथा हकलाई समाप्त पार्नु, सो हकबाट वञ्चित गर्नु वा बेहकदार तुल्याउनु न्यायोचित हुन सक्दैन। उल्लिखित कानूनी व्यवस्थालाई मध्येनजर गर्दा मोहियानी हक बुहारीमा स्थापित हुँदैन भन्नु कानूनविपरीत हुन जाने हुन्छ । Life, Liberty र Property मानवको नैसर्गिक अधिकार हो । नेपालको संविधानले पनि प्रत्येक नागरिकलाई सम्पत्तिको हक हुने गरी मौलिक हकअन्तर्गत संरक्षण गरिएको छ । यस अदालतबाट "प्रकृयागत कुरा फरक पर्दैमा कानूनले व्यवस्था गरेको हक प्राप्त हुने कुरालाई ईन्कार गर्न पनि नमिल्ने र हक समाप्त पनि हुन नसक्ने" (नेकाप २०६१, जेष्ठ, नि.नं.७३३८) भनी नजिर सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । मोही लगत कट्टाको निवेदन मिति २०५३।०४।१७ मा दर्ता भएको र मुद्दाको कारबाहीको क्रममा मिति २०५७।०३।३० मा मुद्दा तामेली रहेको र भूमिसम्बन्धी ऐन, २०२१ को मिति २०५३।०९।२४ मा चौथो संशोधन भई बुहारीले समेत मोहियानी हक प्राप्त गर्ने कानूनी व्यवस्था आएको देखिन्छ । मुद्दा चलिरहेको अवस्थामा तामेलीमा रहनु र तामेलीबाट जगाई कारबाही प्रकृया सुचारू हुनु प्रकियागत कुरा हुन् । उल्लेखित नजिर सिद्धान्तबाट पनि प्रक्रियागत कुरा फरक पर्दैमा कानूनले व्यवस्था गरेको हकबाट बञ्चित गर्न नमिल्ने । साथै सो हक समाप्त पार्न नमिल्ने ।

हरिमाया था श्रेष्ठको मृत्युपछि निजको छोरा बुहारी ईन्द्रलक्ष्मी श्रेष्ठले कि.नं.११६ हाल कि.नं.५८ को जग्गा जोत कमोद गरेको र निजको नाममा मोही नामसारी हुने हो भनी मिति २०७३।०४।२० को स्थलगत सर्जमिन मुचुल्कासमेतमा उल्लेख छ । सो जग्गा ईन्द्रलक्ष्मी श्रेष्ठको नाममा मोहियानी हक नामसारी गर्न मिल्ने भनी स्थानीय निकायले समेत सिफारिस गरेको देखिन्छ । सो हुँदा हरिमाया था श्रेष्ठको बुहारी ईन्द्रलक्ष्मी श्रेष्ठ एकमात्र मोही हकदार रहेको अवस्थामा कि.नं.११६ को जग्गामा ईन्द्रलक्ष्मी श्रेष्ठको मोही हक नामसारी हुने ठहर गरेको उच्च अदालत पाटनको फैसला कानूनसम्मत नै देखिन आयो । उक्त फैसला बदर गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि उल्लिखित आधार कारण, कानूनी व्यवस्था तथा प्रतिपादित कानूनी सिद्धान्तसमेतबाट कि.नं.११६ हाल कायम कि.नं.५८ को जग्गामा कायम रहेको मोही हरिमाया था श्रेष्ठको नाम खारेज भई निवेदिकाका छोरा बुहारी नाताकी ईन्द्रलक्ष्मी श्रेष्ठको नाममा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोहियानी हक नामसारी हुने भनी सुरू भूमि सुधार कार्यालय, भक्तपुरबाट मिति २०७५।०३।१४ मा भएको फैसला सदर ठहर गरेको उच्च अदालत पाटनको मिति २०७६।०३।२७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : भरतकुमार दहाल

इति संवत् २०८० साल श्रावण २९ गते रोज २ शुभम् ।

- यसैसाथ लगाउको ०७७-CI-०४२९, जोत

लगत कट्टा, देवेन्द्र श्रेष्ठ वि. ईन्द्रलक्ष्मी श्रेष्ठ भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**२०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७६-CR-१३५८, ०७६-CR-१५६६, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, परिवर्तित नाम M बहादुर वि. नेपाल सरकार, कर्तव्य ज्यान, नेपाल सरकार वि. कान्छी नामले चिनिने रोशन चन्दसमेत*

भवितव्य र आवेशप्रेरित दुवै प्रकारका वारदातमा पूर्वरिसइवी वा मनसाय हुँदैन । भवितव्य घटनामा परिणामको पूर्वज्ञान र चाहना पनि हुँदैन । आफूले गरेको कार्यबाट मानिस मर्लाजस्तो देखिएको हुँदैन तर अप्रत्यासित रूपमा मानिसको मृत्यु हुन पुगेको हुन्छ। आवेशप्रेरित हत्यामा आवेश वा रिसको झोँकमा घटना घटेको हुनुपर्दछ, जुन अवस्थामा पीडकले आत्मसंयम गुमाएको हुन्छ । ढुङ्गाजस्तो वस्तुले संवेदनशील भागमा प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने कुरा एउटा सामान्य समझको व्यक्ति जो कोहीलाई पनि थाहा जानकारी हुन सक्ने विषय हो। प्रस्तुत वारदातको जरिया, अभियुक्तले मृतकउपर गरेको व्यवहार, अपराधमा प्रयोग भएको साधन र प्रहार गरेको शरीरको अङ्गलाई मध्यनजर गर्दा वारदातको क्रममा नै मनसाय प्रकट भएको देखिएको, मृतकको टाउकोजस्तो संवेदनशील भागलगायतमा गह्रौं ढुङ्गाले प्रहार गर्दा मानिस मर्न सक्ने कुराको पूर्वज्ञान हुन सक्ने विषय भएको र ठुलो ढुंगाले टाउकोमा प्रहार गरी मृतक ढलेपछि पनि अरू ढुङ्गाले पटकपटक ढुङ्गाले प्रहार गरेको देखिएको प्रस्तुत वारदातलाई भवितव्य वा आवेशप्रेरित हत्या भनी परिभाषित गर्न मिलेन।

त्यसैगरी प्रतिवादी M बहादुरले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम कसुरदार ठहरिएको बालबालिकालाई तत्काल सजाय भोग्न नपर्ने गरी सजाय स्थगन गर्न सक्ने कानूनी व्यवस्थाको अनुसरण गरिएन भनी लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) ले कसुरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति, कसुर गरेको पटक आदिको विचार गरी सजाय स्थगित राख्न वा बाल सुधार गृहमा राख्न वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रहन पाउने गरी तोक्न सक्ने विकल्प मुद्दा हेर्ने अधिकारीलाई दिएको देखिन्छ । वारदात हुँदाका बखत यी पुनरावेदक प्रतिवादी बालकको उमेर १५ वर्ष रहेको देखिन्छ। निजलाई कारागारमा नराखी बाल सुधार गृहमा राखिएको र बाल सुधार गृहमार्फत निजले प्रस्तुत पुनरावेदन दिएकोसमेत देखिन्छ। निजको उमेर, शारीरिक अवस्था र माथि विवेचना गरिएबमोजिमको कसुर गर्दाको परिस्थितिलाई मध्येनजर गर्दा निजलाई लागेको कैद सजाय स्थगन गरिपाउँ भन्ने पुनरावेदन जिकिर मनासिब देखिन आएन।

घाइते देवीनारायण श्रेष्ठ र प्रतिवादीहरूबिच पूर्वरिसइवी मनसाय केही रहेको देखिएको छैन । निज देवीनारायण श्रेष्ठको घाउ जाँच प्रतिवेदन हेर्दा ३ C.m. incised wound (Through and Through pina opposite to tragus at right ear) भन्ने उल्लेख भएको र मर्नेसम्मको सम्भावना रहेको भन्नेसमेत निजको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिँदैन । मर्नसक्नेसम्मको कार्य प्रतिवादीहरूले निज देवीनारायण श्रेष्ठका विरूद्ध गरेको नदेखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगतर्फ पनि सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन जिकिरसँग

सहमत हुन सकिएन।

बालक M बहादुरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उक्त सजायको आधा सजाय हुने, अन्य प्रतिवादीहरू कान्छी भन्ने रोशन चन्द, रञ्जन खान ठकुरी, तुम्बाके भन्ने मधुसुधन नेपाली, उषा थापा र N कुमारीलाई सोही महलको १७(३) नं.बमोजिमको कसुरमा सोहीबमोजिम १ वर्ष ६ महिना कैद सजाय हुनेमा N कुमारीको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उक्त सजायको आधा सजाय हुने, ज्यान मार्ने उद्योगको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई गरेको तनहुँ जिल्ला अदालतको मिति २०७५।२।२१ को फैसलालाई सदर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम प्रतिवादी M बहादुरलाई सर्वश्व गर्नुपरेन भनी उच्च अदालत पोखराबाट मिति २०७६।५।२४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : आनन्दराज पन्त

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल भदौ १२ गते रोज ३ शुभम्।

२१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-WO-०८८२, उत्प्रेषण, गणेशबहादुर भण्डारी वि. नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाडौंसमेत*

नेपालको संविधानको अनुसूची-९ जुन सङ्घ, प्रदेश र स्थानीय तहको साझा सूचीको रूपमा रहेको छ त्यसको क्रमसङ्ख्या २ मा शिक्षासमेत समावेश रहेको र स्थानीय तहको अधिकारको सूची रहेको संविधानको अनुसूची-८ को क्रमसङ्ख्या ८ मा आधारभूत र माध्यमिक शिक्षासमेत उल्लेख भएको हुँदा आधारभूत र माध्यमिक शिक्षा विषय स्थानीय तहको कानून निर्माण गर्ने सक्षमताभित्र पर्ने कुरामा कुनै विवाद हुन नसक्ने।

यदि कुनै सङ्घीय इकाइले बनाएको कानून आफ्नो एकलौटी वा साझा सक्षमताभित्रको विषयमा केन्द्रित छ र सो कानून संविधानको मर्म र भावना तथा प्रचलित सङ्घीय कानूनसँग बाझिँदैन भने अन्य सङ्घीय इकाइले कानून निर्माण नगरेको आधारमा मात्र कानून निर्माण गर्ने अधिकार सङ्कुचित भएको अर्थ गर्नु उपर्युक्त हुँदैन। साझा अधिकारको विषयमा सर्वप्रथम सङ्घले कानून निर्माण गरी त्यस्तो विषयमा तीनै तहको अधिकार र दायरा निश्चित गरेपछि मात्र प्रदेश वा स्थानीय तहले आफ्नो कार्यक्षेत्रलाई सम्म नियमन गर्न कानून बनाउँदा एउटै विषयमा एउटै प्रदेश वा जिल्लाभित्र पनि स्थानीय तहहरूबिचको कानून र प्रयोगमा देखिन सक्ने विभिन्नतालाई अन्त्य गरी धेरै हदसम्म एकरूपता कायम भई सङ्घीय अनुशासन कायम राख्न सहज हुने कुरामा असहमत हुनुपर्ने पनि नदेखिने।

काठेखोला गाउँपालिकाले शिक्षा नियमावली, २०७५ को व्यवस्था सङ्घीय शिक्षा ऐन, २०२८ को व्यवस्थासँग बाझियो भन्ने जिकिर लिएको पाइन्छ। उक्त नियमावली स्थानीय सरकार सञ्चालक ऐन, २०७४ को दफा ११२(ज) ले दिएको अधिकार प्रयोग गरी ऐ. ऐनको दफा १०२ ले स्थानीय तहलाई प्रदान गरेको अधिकारसमेतको आधारमा बनेको भन्ने देखिन्छ। स्थानीय तहले बनाएको कुनै ऐन वा नियमावली सङ्घीय कानूनसँग बाझिएको भनी चुनौती दिँदा सङ्घीय कानूनको के-कुन प्रावधानसँग के-

कसरी बाझियो भन्ने प्रस्ट जिकिर लिई सोको पुष्ट्याईँ नभएको अवस्थामा साधिकार निकायले बनाएको कानूनलाई अमान्य घोषित गर्न नमिल्ने हुँदा काठेखोला गाउँपालिकाले बनाएको शिक्षा नियमावली, २०७५ लाई शिक्षा ऐन, २०२८सँग बाझिएको भनी अमान्य घोषित गर्न मिलेन । साथै संवैधानिक इजलासबाट सरकारका नाममा शिक्षा सम्बन्धमा छाता ऐन जारी गर्न आवश्यक व्यवस्था मिलाउनु भन्नेसमेत निर्देशनात्मक आदेश जारी भइरहेको परिप्रेक्ष्यमा यसमा छुट्टै आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

प्रस्तुत रिट निवेदनमा जे कुरा रोक्न माग गरिएको हो सो विषयमा अन्तरिम आदेश नभएको र हाल उक्त नियमावलीबमोजिम शिक्षक छनौटको कार्य सम्पन्न भई रिट निवेदनको औचित्य समाप्त भएको भनी निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले बहसको क्रममा उल्लेख गर्नुभएकोसमेतबाट उक्त नियमावलीअन्तर्गत भए गरेका कार्यमा प्रवेश गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : सदन अधिकारी

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल वैशाख २४ गते रोज १ शुभम् ।

**२२**

**मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०७९-WH-०२१४, बन्दीप्रत्यक्षीकरण, रामचन्द्र तिमिल्सिना वि. अच्युतराज पाण्डेसमेत*

सामान्यतया अख्तियारीविना थुनामा राखेको, अख्तियारवालाको आदेशविना थुनामा राखेको, थुनामा राख्दा अनिवार्यरूपमा पालन गर्नुपर्ने कानूनी कार्यविधिको पालन नगरिएको, थुनामा राख्नुपर्ने आधार र कारणविना थुनामा राखिएको, अधिकार क्षेत्रात्मक त्रुटि गरी थुनामा राखेको, बदनियत र प्रवृत्त भावनाबाट थुनामा राखेको देखिएमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था रहन्छ । प्रस्तुत रिट निवेदनमा उल्लिखित अवस्थाको विद्यमानता रहेको भन्ने मिसिलबाट देखिएन । निवेदक विरूद्ध ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभसम्बन्धी कसुरमा साधिकारप्राप्त निकायमा जाहेरी परी अनुसन्धानको सिलसिलामा निवेदकलाई पक्राउ गरी मुद्दा हेर्ने अधिकारीबाट कानूनबमोजिम म्याद थप गराई हिरासतमा राखेको देखिएको छ । यसरी कानूनद्वारा अपराध भनी परिभाषित गरेको कसुरमा परेको जाहेरीको आधारमा अनुसन्धान गर्ने क्रममा निवेदकलाई कारणसहितको पक्राउ पुर्जी दिई मुद्दा हेर्ने अधिकारीबाट पटकपटक म्याद थप गराई हिरासतमा राखेको कार्यलाई गैरकानूनी रूपमा थुनामा राखेको भनी अर्थ गर्न नमिल्ने ।

कानूनबमोजिम भइरहेको अनुसन्धान प्रक्रियालाई नै प्रभाव पर्ने गरी अदालतको असाधारण अधिकारक्षेत्रभित्र प्रवेश गरी बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले निवेदकको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत :- लालबहादुर कार्की

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०८० साल जेठ ८ गते रोज २ शुभम् ।

**२३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७८-WO-११०५, उत्प्रेषण / परमादेश, लिलामणि न्यौपाने वि. नागरिक लगानी कोष, काठमाडौंसमेत*

आयकर ऐनको विकासलाई हेर्दा पनि अवकाश भुक्तानीको विषयमा आयकर ऐन,२०५८ को दफा ८८(१) को व्यवस्थामा समय अनुसार परिवर्तन भएको देखिन्छ । सो दफाको मूल व्यवस्था हेर्दा प्रतिबन्धात्मक वाक्यांशमा "तर स्वीकृत अवकाश

कोषबाट भुक्तानी भएको सञ्चयकोष र उपदानमा छ प्रतिशतका दरले मात्र करकट्टी गर्नुपर्ने भन्ने रहेकोमा आर्थिक अध्यादेश,२०५९ ले सञ्चय कोष र उपदानको सट्टा “भुक्तानी” भन्ने शब्द प्रयोग गरेको देखिन्छ । त्यसै गरी २०६३ मा “अवकाश भुक्तानी” भन्ने र आर्थिक ऐन,२०७१ ले “स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानी” भन्ने शब्दावली प्रयोग गरेको देखिन्छ । पछि २०७५ सालमा आएर आर्थिक ऐन,२०७५ मा मात्र “योगदानमा आधारित अवकाश कोष” भन्ने शब्दावली प्रयोग भएको देखिन्छ। आयकर निर्देशिका,२०६८ ले गरेको व्यवस्था अनुसार अवकाश कोषबाट गरिने भुक्तानी उपदान, वा सञ्चित बिदाबापतको रकम वा औषधी उपचार खर्च, आदिको हकमा नै आकर्षित हुने र आयकर नियमावली,२०५९ को नियम २० ले तोकेको सर्तमा मात्र स्वीकृत अवकाश कोषको स्थापना र सञ्चालन हुन सक्ने हुँदा हाल कायम रहेको ऐनमा “योगदानमा आधारित अवकाश भुक्तानी” भन्ने शब्दावली उल्लेख भएको कारण स्वीकृत अवकाश कोषबाट गरिएको अवकाश भुक्तानीमा सम्बन्धित कर्मचारीको योगदान नरहेको भन्ने जिकिर लिई दफा ८८(१) को मूल व्यवस्था अनुसार अवकाश कोषको भुक्तानीमा १५ प्रतिशत करकट्टी गरिनुपर्छ भनी अर्थ गर्न नमिल्ने ।

करको दायित्व मूलतः व्यक्तिगत हुन्छ । अर्थात् प्रत्येक रिट निवेदकले अवकाश पाउँदा कहिले अवकाश लिएको हो, कुन शीर्षकमा के-कति प्रतिशतले र कति करकट्टी गरिनुपर्ने हो भन्ने हेरिएको अवस्था हुन्छ । त्यसै गरी स्वेच्छिक अवकाश योजनाअन्तर्गत अवकाश लिएको हो वा होइन, २०७५।३।३२ अघि वा पछि कहिले अवकाश लिएको हो भन्ने आदि प्रश्नहरू पनि यसमा सन्निहित हुन्छ । राष्ट्रलाई नै असर पर्ने सार्वजनिक महत्त्वका कर छलीका निवेदनहरू सार्वजनिक हक हित र सरोकारको विषय पनि बन्ला । तर यहाँ जे विषयमा कुरा उठाइएको छ यो हरेक निवेदकको सम्बन्धमा व्यक्तिगत तहमा हेरिनुपर्ने विषय देखिन्छ । तसर्थ यस्तोमा सार्वजनिक हक र सरोकारको विषय भनी प्रतिनिधित्वमूलक निवेदन स्वीकार गर्न नमिल्ने ।

यो रिट निवेदनमा निवेदकले लिएको निवेदन जिकिरको सन्दर्भमा करको दायित्वबारे विश्लेषण गरिनुको साथै लगाउमा राखी सँगै सुनुवाइ गरिएका अन्य रिट निवेदनहरूमा आयकर ऐन,२०५८ अन्तर्गत करको दायित्व बारेमा देखिएका सैद्धान्तिक प्रश्नहरूको निरूपणपछि अब निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने विषयमा पुनः प्रस्तुत निवेदनमा फर्की हेर्दा रिट निवेदकको संस्थाको अवकाश कोषको रकम नागरिक लगानी कोषअन्तर्गत व्यवस्थापन भएको रहेछ भन्ने देखियो । यस्तोमा निवेदकको २०७५।३।३२ पछि अवकाश भएको देखिएमा निवेदकको हकमा आयकर ऐन, २०५८ को दफा ८८(१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१) ले पाँच प्रतिशत करकट्टी हुनुपर्ने देखिँदा पन्ध्र प्रतिशतको दरले करकट्टी गरेको कानूनप्रतिकूल देखिन आयो । यस स्थितिमा करकट्टीसम्बन्धी विपक्षी नागरिक लगानी कोषबाट भएको निर्णय र सोसम्बन्धी पत्राचारहरूसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदकले २०७५।३।३२ पछि अवकाश लिएको हो भन्ने यकिन गरी सो यकिन भएको अवस्थामा निजबाट बढी करकट्टी भएको रकम निजले फिर्ता पाउने हुँदा अन्तरिम आदेश जारी भई नागरिक लागानी कोषमा नै रकम रहेकोमा सो कोषबाट र सरकारी राजस्वमा जम्मा भइसकेको अवस्थामा अन्य विपक्षीहरूबाट निवेदकलाई फिर्ता दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत

जारी हुने ।

इजलास अधिकृत : दिप्ती पौडेल / उमेशप्रसाद पाण्डेय

कम्प्युटर : रेखा भट्टराई / पद्मा आचार्य

इति संवत् २०८० साल श्रावण ३२ गते रोज ५ शुभम्।

**२४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७९-WH-०११२, बन्दीप्रत्यक्षीकरण, पुजा डाँगी वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

समाह्वान म्याद तामेलीको स्थितिलाई हेर्दा प्रस्तुत निवेदनमा उल्लेख भएबमोजिम निवेदक प्रतिवादीउपर चलेको बैंकिङ्ग कसुर मुद्दाको कारबाही चल्नुभन्दा धेरै समयअगाडि नै निजले साबिक माइतीको स्थायी ठेगानामा बसोबास छोडी हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.१ मा बसोबास गरिआएको देखिएकोमा निजउपरको मुद्दामा निजको नाममा समाह्वान म्याद जारी गर्दा घर-ठेगानामा सम्बन्धित व्यक्ति र घरका आफन्त फेला नपरेपछि राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा २(दुई) पटक सूचना प्रकाशन गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेकोमा सोतर्फको कानूनी प्रक्रिया नै पूरा नगरी साबिक माइतीकै वतनमा म्याद जारी गरी स्वच्छ सुनुवाइको हकबाट वञ्चित हुने गरी प्रत्यर्थी उच्च अदालत पाटनबाट भएको फैसलाको आधारमा गैरकानूनी थुनामा रहन गएको देखिन्छ । यसरी आफूउपर दायर भएको मुद्दामा प्रतिवादीले अदालतको सूचनाबमोजिम आफू विरूद्धको कारबाहीको जानकारी प्राप्त नगरी सो विषयमा अदालतमा उपस्थित भई मुद्दाको सुनुवाइ गर्न नसक्ने गरी प्रतिवादी रहे-बसेको वतनमा म्याद जारी नगरी कानूनले तोकेको रीत प्रक्रिया पूरा नगरी तामेल गरिएको यो बैंकिङ कसुर मुद्दामा जारी भएको म्याद रीतपूर्वक तामेल भएको मान्न नमिल्ने ।

रिट निवेदकको निवेदन मागदाबीबमोजिम बन्दीप्रत्यक्षीकरणसमेतको आदेश जारी हुनुपर्ने देखिन्छ वा देखिँदैन भन्ने अर्को प्रश्नतर्फ विचार गर्दा निवेदकउपर बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा दफा १५(१)बमोजिम सजायसमेतको मागदाबी लिई उच्च अदालत पाटनमा मिति २०७८।११।५ मा अभियोगपत्र पेस भई फैसलासमेत भएबाट फैसलाबमोजिम कैदमा रहेको देखिएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने देखिन आएन। उच्च अदालत पाटनबाट यी निवेदकको नाममा जारी भएको मिति २०७८।१२।२० मा निजको स्थायी वतनमा समाह्वान म्याद तामेल हुँदा बेपत्ते तामेल भएको देखियो। यसरी म्याद बेपत्ते तामेल भएपछि बैंकिङ (कसुर तथा सजाय) ऐन, २०६४ को दफा २३ बमोजिम म्याद पत्रिकामा प्रकाशन गर्नुपर्नेमा सो गरिएको पनि देखिएन । म्याद रीतपूर्वक तामेल नभएबाट निवेदकको प्रतिनिधित्व हुन नसकी मिति २०७९।४।३० मा फैसला हुँदा रू.६५,००,०००।- जरिवाना र १५ दिन कैद र रू.२,६०,०००।- क्षतिपूर्ति भराउने ठहरी फैसला भएको देखियो । यसरी बेपत्ते म्याद तामेल र गलत ठेगाना देखाई जारी म्यादको आधारमा भएको फैसलाबाट निवेदकले स्वच्छ सुनुवाइ पाउन नसकी नेपालको संविधानको धारा २० समेतको विपरीत कार्य हुन गएको देखिँदा निवेदकको नाममा जारी भएका म्याद र सोपश्चात् मिति २०७९।४।३० मा भएको फैसला र जारी भएको कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदक हाल कारागारमा हुँदा निजलाई उपस्थित गराई अड्डाको रोहबरमा म्याद बुझाई कानूनबमोजिम बयानलगायत सुनुवाइसम्बन्धी कारबाही फैसला गर्नु भनी विपक्षी

उच्च अदालत पाटनका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत :- दिप्ती पौडेल

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०७९ साल माघ ९ गते रोज २ शुभम्।

## इजलास नं.७

### २५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७७-RB-०२३४, राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन, सोबहादुर तामाङ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीउपर राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को कसुर हुँदाका अवस्थामा कायम रहेको दफा २३ (१) को व्यवस्था हेर्दा प्रतिवादीले दफा ४ (क) र (ग) को कसुर गरेकोमा त्यस्तो कसुर गर्ने व्यक्तिलाई “कसुरको मात्रा हेरी बिगोको दोब्बरसम्म जरिवाना गरी कसुरको मात्रा हेरी तीन वर्षसम्म कैद गर्न सक्ने छ” भन्ने कानूनी व्यवस्था रहेको र प्रतिवादीको साथबाट बरामद भएको सुनको परिमाणको तत्कालको प्रचलित बजार मूल्य रू.२,४९,०५,०००।- (दुई करोड उनान्चास लाख पाँच हजार रूपियाँ) बिगो कायम भएको तथा प्रतिवादीले आफूउपर कसुर प्रमाणित भई सजाय निर्धारण गर्दा प्रचलित कानूनमा उल्लिखित व्यवस्थाहरूलाई अन्यथा गरी सजाय निर्धारण गरिएको भन्ने जिकिर लिए तापनि प्रतिवादीको साथबाट बरामद भएको सुनको परिणाम र सोको प्रचलित बजार मूल्य, निजले राजस्वमा पुऱ्याएको हानि नोक्सानी, प्रतिवादीको आर्थिक तथा परिवारिक अवस्था, कसुरको गाम्भीर्य, कसुर गर्दाको परिस्थिति तथा कसुरदारको आचरणलगायत लगानी गर्ने एवं सिमानाका आरपार गर्नमा संलग्न सबैलाई यी पुनरावेदक प्रतिवादीले बचाउ गरिरहेको अवस्थालाईसमेत विश्लेषण गरी गरिएको उच्च अदालत पाटनको फैसलालाई अन्यथा गर्नुपर्नेसम्मको अवस्था नदेखिने।

तसर्थः माथि विवेचित आधार, कारणबाट प्रतिवादी सो बहादुर तामाङलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ (क) र (ग) को कसुरमा ऐ. को दफा २३(१) बमोजिम १ वर्ष कैद र रू. ३,००,००,०००।– (तीन करोड रुपियाँ) जरिवाना हुने ठहऱ्याएको उच्च अदालत पाटनको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नहुँदा सदर हुने।

इजलास अधिकृत :- बासुदेव पाण्डे, सोनी श्रेष्ठ

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल वैशाख ५ गते रोज २ शुभम्।

### २६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७६-CI-०१३०, ०७७-CI-०४३८, ०७७-CI- ०४७९, अबन्डा जग्गा अंशबन्डा गरी दर्ता, बिना थापासमेत वि. बिमला थापासमेत, बरूण शम्शेर थापासमेत वि. बिमला थापासमेत, भैरवी थापासमेत वि. बिमला थापासमेत*

फैसला गर्नु मात्र अदालतको दायित्व होइन। फैसला गर्दा पक्षहरूबिचको विवादहरू अन्तिम टुङ्गो लाग्ने गरी गरिदिनुपर्दछ। फैसलाबाट विवादको टुङ्गो लगाई यथाशीघ्र त्यस्ता फैसलाको कार्यान्वयन गर्नु गराउनु नै न्यायको मकसद र माग तथा अदालतको कर्तव्य पनि हो । वादी/प्रतिवादीबिच विवाद रहेको अबन्डा जग्गाको सन्दर्भमा सुरू काठमाडौं जिल्ला अदालतले मिति २०७१।१०।१९ मा फैसला गर्दा लगाउमा रहेको वादीले दायर गरेको मुद्दा नं. ३१९८

को अंशचलन मुद्दाबाटै प्रस्तुत विवादका विषयमा निर्णय हुने उल्लेख भएकोमा उक्त मुद्दा नं. ३१९८ मा वादी प्रतिवादीबिच मिलापत्र भई टुङ्गो लागिसकेको देखिएबाट प्रस्तुत मुद्दामा वादी दाबीका विषयमा निर्णय नै नभएको देखिन आयो । कुनै पनि विषय लिएर पक्षहरू अदालतमा प्रवेश गरिसकेपछि अदालतले त्यस विषयमा निर्णय दिनुपर्ने नै हुन्छ। हाल लागु रहेको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२ ले गरेको व्यवस्थाले पनि यही कुरालाई इङ्गित गर्ने।

कुनै न्यायिक निकाय वा अदालतको फैसलाउपर माथिल्लो तहको अदालतमा पुनरावेदन गर्न पाउने कानूनी व्यवस्थाको पछाडि फैसला हुँदा तथ्य तथा प्रमाणको समुचित विश्लेषण र मूल्याङ्कन भएको छ छैन भन्ने जाँच्ने उद्देश्य रहेको हुन्छ, यस्तो कार्यविधि न्यायको मान्य सिद्धान्तअनुरूप नै रहेको छ। एकै विवादमा विभिन्न पक्षहरू हुने, सबैले आ-आफ्नो तथ्य, अधिकारको विषय र धारणालाई प्राथमिकता दिई प्रस्तुत गर्ने, सो गर्दा कतिपय तथ्यगत विषयहरू उजागर नगरिने वा नहुन सक्ने भएकोले अर्को पक्षबाट प्रस्तुत तथ्य, प्रमाण एवं कानूनी आधारहरूको समेत सूक्ष्म विश्लेषण गरिनुपर्ने र विभिन्न विवादका विषयसँग सम्बन्धित तथ्य र कानूनको सामञ्जस्यपूर्ण व्याख्या गरी न्याय दिनुपर्ने तथा त्यसरी भएका फैसला प्रचलित कानून तथा न्यायका मान्य सिद्धान्तअनुरूप भए नभएको सम्बन्धमा एक तहमाथिबाट जाँच गर्ने अवसर प्रदान गर्दा न्याय सम्पादनमा केही समय लाग्ने भए पनि न्यायका मान्य सिद्धान्तअनुरूप नै हुने हुन्छ । प्रस्तुत मुद्दामासमेत माथि उल्लिखित केही तथ्यहरू सम्बन्धमा समष्टिगत एवं सामञ्जस्यपूर्ण विवेचना, मूल्याङ्कन तथा व्याख्या भएको नदेखिएको हुँदा पुन: हेरी, जाँची त्यसरी मूल्याङ्कन र व्याख्या भएको विवादको विषयमा पुगिएको निष्कर्षउपर चित्त नबुझ्ने पक्षलाई पुनरावेदन गरी सुरू इन्साफ जाँच गर्न अवसर प्रदान गरिनुलाई अन्यथा भन्न नसकिने।

अतः उच्च अदालत पाटनबाट माथि बुँदामा उल्लिखित आधार र कारणबाट प्रस्तुत अबन्डा जग्गा अंशबन्डा गरिपाउँ भन्ने मुद्दामा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति ०७१/१०/१९ को भएको फैसला बदर गरी सो सम्बन्धमा जे जो बुझि पुन: इन्साफ गर्नु भनी मुद्दाका रूजु पक्षहरूलाई सुरू अदालतमा तारेख तोकी पठाइदिने ठहर गरेको उच्च अदालत पाटनको मिति २०७६/३/३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : निराजन पाण्डे

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल चैत्र ९ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७६-CI- ०१२९, ०७७-CI-०४३९, ०७७-CI-०४८०, अबन्डा जग्गा, बिना थापासमेत वि. तारा थापा, मेनु थापासमेत वि. तारा थापा, भैरवी थापासमेत वि. तारा थापा भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७१-CI-१५१६, उत्प्रेषण / परमादेश, नन्दप्रसाद नेम्वाङ लिम्बु वि. मालपोत कार्यालय, सुनसरी इनरूवा*

विवादित जग्गा मिति २०३९।४।१७ देखि पुनरावेदकले मालपोत कार्यालय, सुनसरीबाट र.नं. २८४ मार्फत हालैको बकसपत्रबाट लिखत पारित गरी लिएको मिसिल संलग्न कागजातबाट समेत देखिन्छ। उक्त जग्गा आफूले निर्बाध एवं अविच्छिन्न रूपमा भोगचलन गरी बिक्री नामसारी गर्न जाँदा मिति २०५१।३।३१ को निर्णयले मिति २०५५।३।१६

मा नेपाल सरकारको नाममा घोपा मोठ नं. ४ १क ९३४३ मा दोहोरो दर्ता स्रेस्ता खडा गरिएको भन्ने पुनरावेदकको दाबी रहेको छ । यी पुनरावेदकले आफ्नो स्वामित्वमा भोगचलन गरिआएको र जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त गरेको जग्गा के कति कारण वा स्थितिबाट सार्वजनिक जग्गामा दर्ता भएको हो भन्ने विषयको उठान गरी निवेदन दिएको देखिन्छ । मिसिल संलग्न कागजातहरूबाट सो जग्गा यी पुनरावेदकको नाम कट्टा गरी नेपाल सरकारको नाममा दर्ता गर्नुअघि आधार कारण खुलाई कानूनबमोजिमको निर्णय भएको देखिएन । उक्त जग्गा नेपाल सरकारको नाममा दर्ता गर्नुअगाडि यी निवेदकलाई वा निजका दाता वा परदाताले के कुन स्रोतबाट उक्त जग्गा दर्ता गराएको हो ? सो सम्बन्धमा बुझेका मिसिलबाट खुल्दैन । कानूनबमोजिमको प्रक्रिया अपनाई उक्त जग्गा रीतपूर्वक दर्ता गराएको हो वा होइन ? कसैले दर्ता गर्ने नहुने जग्गा दर्ता गराएको हो भने त्यस्तो जग्गाको पूर्ववत् अवस्था, हक दाबीको स्रोत तथा पक्षहरूसँग भएका प्रमाणका कागजातलगायत अन्य सम्बन्धित प्रमाणसमेत हेरी निर्णय गरिनु अपेक्षित हुन्छ । कुनै गोस्वारा प्रकृतिको निर्णयबाट कुनै व्यक्तिको हकभोगमा रहेको सम्पत्तिउपरको अधिकार सामान्य रूपमै समाप्त हुनु अपेक्षित हुँदैन । साबिकमा कुनै व्यक्तिको नाममा दर्ता हुँदा कुनै कैफियत रहेछ भने त्यस सम्बन्धमा सम्बन्धित प्रमाणहरू सङ्कलन गरी, हेरी, जाँची, पक्षहरूलाईसमेत बुझी न्यायोचित आधारमा निर्णय भएमा मात्र त्यस्तो कार्यमा सुशासनको अनुभूति हुन्छ । प्रस्तुत विवादमा कि.नं. १२९ को उपर्युक्त जग्गा सम्बन्धमा रीतपूर्वक कारबाही उठान भई सम्बन्धित पक्षहरूलाई बुझी साबिकमा फिल्डबुक तयार हुँदाका तथा व्यक्तिको नाममा दर्ता हुँदाका सम्पूर्ण मिसिल र प्रमाणहरूको विश्लेषण गरी विवेचनायुक्त न्यायपूर्ण निर्णय गर्नु सम्बन्धित निकायको कर्तव्यको विषय हो । प्रस्तुत पुनरावेदकका हकमा त्यसअनुरूप बुझी तथा प्रमाणको विवेचना तथा मूल्याङ्कन गरी निर्णय भएको देखिएन । यसरी आफ्नै कार्यालयमा रहेको मिसिल संलग्न प्रमाण कागजातहरू हेरी जाँचबुझ गरी प्राकृतिक न्यायको सिद्धान्त अवलम्बन गरी निर्णय गर्नुपर्नेमा सोसमेत नगरी नबुझी मिति २०७१।८।१६ को टिप्पणी आदेशबाट निज नन्दप्रसाद नेम्वाङ्गको नामको दर्ता स्रेस्ता खारेज गरेको नमिलेको देखिएबाट पुनरावेदन अदालत विराटनगरको मिति २०७१।१०।१९ को आदेश उल्टी हुने ठहर्छ । सो हुँदा मालपोत कार्यालय, सुनसरीको मिति २०७१।८।१६ को यी पुनरावेदकसँग सम्बन्धित टिप्पणी आदेश उत्प्रेषणको आदेशले बदर गरी अब उक्त जग्गाको हालको दर्तावाला, निजको दाता परदाताको स्रोत परिचयलगायत आवश्यक सम्पूर्ण प्रमाण बुझी प्राकृतिक न्यायको सिद्धान्तको अवलम्बन गरी सम्बन्धित पक्षहरूको भनाइसमेत विवेचना, विश्लेषण एवं मूल्याङ्कन गरी पुनः निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय सुनसरीको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : सोनी श्रेष्ठ

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल चैत्र १४ गते रोज २ शुभम् ।

## २८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७२-CR-०७९१, सरकारी कागज किर्ते, नेपाल सरकार वि. दशरथकुमार राम*

प्रत्यर्थी प्रतिवादीले आफ्नो नागरिकताको उमेरसम्बन्धी बेहोरा केरमेट गरेको कुरामा साबिती रही अदालतमा बयान गरेको कार्यबाट यी प्रत्यर्थी प्रतिवादीले उल्लिखित साबिक मुलुकी ऐन, किर्ते कागजको १ नं. विपरीत कार्य गरेको देखिन आउँछ । तर निवेदकले

सरकारी अड्डामा भएको कागज सच्याएको नभई आफूसँग रहेको आफ्नै नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्म मिति केरमेट गरी सच्याई सोबमोजिम अर्को नागरिकताको प्रमाणपत्र बनाइपाउँ भनी सो केरमेट गरेको नागरिकताको प्रमाणपत्र लिई आफैँ इलाका प्रशासन कार्यालय, लाहान, सिराहा गएको देखिन्छ र सो सच्याएको नागरिकताको प्रमाणपत्रलाई आधार बनाई प्रस्तुत मुद्दा दायर गरेको देखिन्छ । निजले उक्त कार्य आफ्नो फाइदाको लागि गरेको देखिएको भए तापनि सो कार्य निजले दूषित मनसायबाट गरेको देखिँदैन । निजको उक्त कार्यमा आपराधिक मनसाय रहेको नभई निजले कार्यगत भुल गरेको प्रस्ट देखिन्छ । निजको सो कार्यमा अज्ञानता प्रस्टै झल्कन्छ । यी प्रत्यर्थीउपर कारबाही गर्नको निमित्त इलाका प्रशासन कार्यालय, लाहान, सिराहाले वडा प्रहरी कार्यालय, लाहान, सिराहालाई मिति २०६९।१०।१४ को पत्रबाट आवश्यक कारबाहीका लागि लेखी पठाएको भन्ने उल्लेख भएकोमा निजबाट बरामद भएको निजको नागरिकताको प्रमाणपत्रको जन्म मितिमा रातो मसीले केरमेट गरी आफैँले २०५२ लाई २०५० बनाएको देखिएबाट रातो मसीले आफ्नो नागरिकताको प्रमाणपत्रमा उल्लिखित मिति सच्याएको र सोबमोजिम नागरिकताको प्रमाणपत्र बनाइपाउन इलाका प्रशासन कार्यालय, लाहान, सिराहा गएको देखिन्छ । यसबाट किर्ते कार्यबारे यी प्रतिवादी स्वयम् अनभिज्ञ (UNKNOWN) रहेको भन्ने प्रस्ट देखिन्छ।

अब, यस सम्बन्धमा तत्काल प्रचलित कानूनी व्यवस्थातर्फ नियाल्दा उल्लिखित ऐनको उक्त १२नं. हेर्दा “सरकारी अड्डाको छाप वा सरकारी काममा सरकारी कर्मचारीको छाप दस्तखत वा सो छाप दस्तखत भएको सरकारी कागज किर्ते गर्नेलाई यसै महलको अरू नम्बरले हुने सजायमा एक वर्ष र उसै अड्डाको कर्मचारीले किर्ते गरेमा दुई वर्ष थप कैद हुने” भन्ने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत मुद्दामा माथि उल्लेख भए अनुसार यी प्रत्यर्थी प्रतिवादीले सरकारी अड्डामा रहेको कागज किर्ते गरेको नभई आफूसँग रहेको नागरिकताको प्रमाणपत्रको केही अंश केरमेट गरी सच्याएको देखिएको छ । उसमा पनि माथि विश्लेषण गरिएअनुसार यी प्रत्यर्थी प्रतिवादीले सो कार्य आपराधिक मनसायले गरेको नभई अज्ञानतावश गरेको भन्ने तथ्य पुष्टि हुन आएको छ । यसबाट उल्लिखित ऐनको १२ नं. को अवस्था प्रस्तुत मुद्दामा विद्यमान रहेको मान्न मिल्ने देखिन नआएकोले उक्त नं. बमोजिम यी प्रत्यर्थी प्रतिवादीलाई थप सजाय हुन्छ भन्न मिल्ने देखिन आएन । यस सम्बन्धमा श्री ५ को सरकार विरूद्ध सुरेसप्रसाद गुप्तासमेत भएको नागरिकता किर्ते मुद्दामा “प्रतिवादीहरूले लाइसेन्स बनाउने प्रयोजनको लागि बेहोरा फरक पारी पेस गरेको नागरिकताको फोटोकपीलाई सरकारी अड्डा वा कर्मचारीको छाप दस्तखत किर्ते गरेको संज्ञा दिन नमिल्ने हुँदा निज प्रतिवादीहरूलाई किर्ते कागजको १२ नं. अनुसार थप सजाय गर्न नमिल्ने” भनी (ने.का.प. २०६१, अङ्क ४, नि.न. ७३६१) यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भइरहेको देखिँदा यी प्रत्यर्थी प्रतिवादी दशरथकुमार रामलाई साबिक मुलुकी ऐन, किर्ते कागजको १२ नं.बमोजिम थप सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी एवं पुनरावेदन जिकिर मनासिब देखिन आएन ।

अत: माथि विवेचित आधार, कारणसमेतबाट प्रतिवादीलाई मुलुकी ऐन, किर्ते कागजको महलको ९ नं.बमोजिम रू.५०।- जरिवाना हुने र ऐ. महलको १२ नं. अनुसार अभियोग दाबी नपुग्ने ठहऱ्याएको सुरू सिराहा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, राजविराजको मिति

२०७१।१०।२३ को फैसलालाई अन्यथा गरिरहनपर्ने नदेखिँदा सदर हुने ।

इजलास अधिकृत : बासुदेव पाण्डे

इति संवत् २०७८ साल फागुन ११ गते रोज ४ शुभम् ।

२९

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७०-CI- ०८३८, परमादेश, नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, आयुर्वेद विभाग टेकु, काठमाडौं वि. रामप्रसाद महतोसमेत*

प्रत्यर्थी निवेदकहरू आयुर्वेद विभागको मिति २०६३।१२।२५ को निर्णयानुसार मिति २०६३।१०।१७ देखि लागु हुने गरी सहायक चौथो तहबाट सहायक पाँचौँ तहमा गरेको स्तरवृद्धि स्वीकार गरी उक्त स्तरवृद्धिबमोजिमको काम गरी सेवा सुविधासमेत उपभोग गरी सो निर्णय भएको ६ वर्ष मौन बसी मिति २०६९।१२।१२ मा रिट निवेदन दायर गरेको देखिन्छ । रिट निवेदन दायर गर्नमा के कति कारणले ६ वर्ष विलम्ब भयो भन्ने कुरा प्रत्यर्थी रिट निवेदकहरूले कहीँकतै आफ्नो रिट निवेदनमा खुलाएकोसमेत देखिँदैन । प्रत्यर्थी रिट निवेदकहरूले अनुचित विलम्ब (laches) हुनुको तर्कसङ्गत आधार र कारण खुलाउन नसकेबाट निवेदनको औचित्य पुष्टि हुन सकेको देखिँदैन । उचित आधार र कारण नखोली स्तरवृद्धि भएको ६ वर्षपछि रिट निवेदन दिएको विषयमा विलम्बको सिद्धान्त (Doctrine of laches) आकर्षित हुने देखिन्छ ।

अतः विलम्ब गरी दायर गरेको प्रस्तुत रिट निवेदन विलम्बको सिद्धान्त र लालकुमारी आले (राना) समेत विरूद्ध नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, काठमाडौंसमेत भएको उत्प्रेषणयुक्त परमादेश मुद्दामा कायम भएको सिद्धान्तसमेतका आधारमा प्रस्तुत रिट जारी हुने अवस्था देखिएन । माथि उल्लेख भएबमोजिम नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा मिति २०६३।८।२२ गते तेस्रो संशोधन भएको र सो दफामा सो दफा प्रारम्भ भएपश्चात् मात्र स्तरवृद्धिसम्बन्धी व्यवस्था लागु हुने भन्ने देखिएकोमा ऐनको संशोधित व्यवस्था लागु हुनुभन्दा अगाडिको मितिबाट नै उक्त कानूनी व्यवस्था कार्यान्वयन हुने गरी प्रत्यर्थी रिट निवेदकहरूको स्तरवृद्धि गर्ने भन्ने तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७०।८।१९ मा जारी भएको परमादेशको आदेश कानूनसम्मत नभई मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृत : सुमेधा खनाल

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०७९ साल भदौ १० गते रोज ६ शुभम् ।

३०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-००४०, भ्रष्टाचार (घुस / रिसवत), सरस्वती घिमिरे वि. नेपाल सरकार*

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) मा, "राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्न वा गरिदिएबापत वा नगर्न वा नगरिदिएबापत वा आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराइदिएबापत वा नगर्न वा नगराइदिएबापत आफ्नो वा अरू कसैको निमित्त रिसवत लिएमा वा लिन मन्जुर गरेमा देहायबमोजिमको रिसवत लिनेलाई वा लिन मन्जुर गर्नेलाई कसुरको मात्रा अनुसार देहायबमोजिम कैद र बिगोबमोजिम जरिवाना हुने छ । रिसवत लिइसकेको भए सो रिसवतसमेत जफत हुने छ ..." भन्ने उल्लेख रहेको छ । यस

कानूनी प्रावधानले आरोपित प्रतिवादीलाई भ्रष्टाचारको कसुरदार ठहर गर्न निज प्रतिवादीले आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्न वा गरिदिएबापत वा नगर्न वा नगरिदिएबापत वा आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराइदिएबापत वा नगर्न वा नगराइदिएबापत आफ्नो वा अरू कसैको निमित्त रिसवत लिएको वा लिन मन्जुर गरेको पुष्टि हुनुपर्ने देखिन्छ । निरपेक्ष दायित्व निर्वाह गर्नुपर्ने फौजदारी कसुरमा बाहेक अन्य कसुरमा मनसाय तत्त्वको विद्यमानता कसुर कायम गर्ने आधारभूत तत्त्व हो । यी प्रतिवादीले कसरी घुस रकम मागेका थिए, आरोपित कसुर अपराधका लागि कस्तो भूमिका कसरी निर्वाह गरेका थिए भन्ने सम्बन्धमा प्रमाण सङ्कलन नै भएको पाइँदैन । वस्तुत: यी प्रतिवादीले भ्रष्टाचारको कसुर गर्ने मनसाय लिएका थिए भन्ने तथ्य शंकारहित तवरबाट स्थापित हुन नसक्ने ।

अतः उपर्युक्तानुसार प्रतिवादी सरस्वती घिमिरेबाट बरामद भएको रकमलाई प्रस्तुत मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने भएको र सो बाहेक अन्य कुनै वस्तुनिष्ठ, भरपर्दो र विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले प्रतिवादीउपरको आरोप दाबी प्रमाणित गर्न सकेको नदेखिएको हुँदा यी पुनरावेदक प्रतिवादी सरस्वती घिमिरेलाई भ्रष्टाचार (घुस/रिसवत) को कसुरदार ठहऱ्याई सजाय गर्ने गरेको सुरू विशेष अदालत काठमाडौंबाट मिति २०७३।०९।२१ मा भएको फैसला मिलेको नदेखिएकोले उल्टी भई यी पुनरावेदक प्रतिवादी सरस्वती घिमिरेले आरोपित कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृत : बिमल रेग्मी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल आषाढ २३ गते रोज ५ शुभम् ।

## ३१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७८-WH- ०२७९, बन्दीप्रत्यक्षीकरण, सुरेश सहनी वि. काठमाडौं जिल्ला अदालत बबरमहल काठमाडौंसमेत*

परिवर्तित नाम वृत्त बबरमहल (०७८/७९),०४०८ नाबालक भएकोमा विवाद देखिँदैन । निज नाबालकसमेतउपर लागुऔषध मुद्दामा मिति २०७८।६।१३ गते काठमाडौं जिल्ला अदालतमा अभियोग दायर भई हालसम्म मुद्दा फछ्र्यौट हुन सकेको देखिँदैन । कानूनत: बालबालिका सम्मिलित मुद्दामा छुट्टै अभियोग दायर गर्नुपर्ने, बाल इजलासबाट मुद्दाको सुनवाइ गर्नुपर्ने, निजको नाम ठेगाना गोप्य राख्नुपर्ने, निरन्तर सुनुवाइ गर्नुपर्ने, कानूनले तोकेको समयावधिभित्र मुद्दाको कारबाही र किनारा लगाउनुपर्नेजस्ता बाध्यात्मक कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा थुनामा रहेका नाबालक निवेदकले अदालत स्वयंको काम कारबाहीबाट बाल न्यायका आधारभूत अधिकार उपभोग गर्ने अख्तियारप्राप्त इजलासबाट लामो समयसम्म पनि सुनुवाइ नभई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३७ बमोजिमको अवधिमा मुद्दा किनारा नभई कानूनले निर्देशित गरेको मितिभन्दा बढी अवधिदेखि बाल सुधार गृहमा रहेको देखिँदा र बालबालिकाको सर्वोत्तम हित बाल न्यायको मार्गदर्शनसमेत रहेको स्थितिमा निज बन्दीलाई हालको स्थितिमा थुनामा राख्नुपर्ने मनासिब माफिक को कारण नदेखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम निजलाई थुनामुक्त गर्नु नै न्यायोचित हुने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : बासुदेव पाण्डे

इति संवत् २०७९ साल श्रावण ८ गते रोज १ शुभम् ।

**३२**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७५-CR-१२०५, ०७५-CR-१४०८, कर्तव्य ज्यान, सुरेन्द्र पुन वि. नेपाल सरकार, नेपाल सरकार वि. सुरेन्द्र पुन*

प्रतिवादी सुरेन्द्र पुनले बाबु गेजबहादुर पुनमगरलाई दाइँ हाल्न प्रयोग गरिने काठको अङ्कुसेले टाउकोमा प्रहार गरी गम्भीर घाइते बनाएकोमा उपचारको क्रममा मिति २०७४।०६।०७ मा मृत्यु भएको भन्नेसमेत बेहोराको जाहेरी दरखास्तबाट उठान भएको प्रस्तुत मुद्दामा मृतकको मृत्युको कारण blunt force trauma to head भन्ने शव परीक्षण प्रतिवेदन रहेको छ। चितवन मेडिकल कलेज टिचिङ हस्पिटलबाट मिति २०७४।६।७ मा जारी भएको मृत्युको मेडिकल प्रमाणपत्रमा मृतकको मृत्युको कारण physical assault left temporal bone fracture with underlying extradural heamtoma with mass effect with midline shift भनी उल्लेख गरेको पाइयो। उक्त मिसिल संलग्न मृतकको शव परीक्षण प्रतिवेदन तथा चितवन मेडिकल कलेज टिचिङ हस्पिटलको मृत्युको प्रमाणपत्रबाट मृतकको टाउकोमा कसैले बल प्रयोग गरी प्रहार गर्दा टाउकोमा चोट लाग्न पुगी टाउकोको देब्रे भागको हड्डीहरूसमेत fracture भई मस्तिष्कको बाहिरी भागमा रगत जमेको कारणबाट मृत्यु भएको भन्ने देखिने।

मिसिल संलग्न घटनास्थल तथा बरामदी मुचुल्का हेर्दा घटनास्थलमा ५ फिट ११ इन्च लामो र ६ इन्च गोलाइ भएको काठको अङ्कुसे फेला परेको भन्नेसमेत बेहोरा उल्लेख भएको देखिन्छ भने घटनास्थलमा कुनै पनि ढुङ्गा र बोडी, फर्सीको झाल रहे भएको भनी उल्लेख गरेको पाइँदैन। जाहेरवालालगायत घटना विवरण कागज गर्ने व्यक्तिहरूले प्रतिवादीले मृतककलाई हिर्काएको होइन मृतक आफैँ बारीमा भएको झालमा अल्झी लडी टाउकोमा चोट लागी सोही चोटबाट निजको मृत्यु भएको हो भनी बकपत्र गरेको देखिए तापनि निजहरूको बकपत्रलाई मिसिल संलग्न उक्त घटनास्थल तथा बरामद मुचुल्कालगायतका अन्य स्वतन्त्र प्रमाणले समर्थन गरेको देखिँदैन। एकासगोलको दाजुभाइ र आफन्त रहेका जाहेरवाला तथा घटना विवरण कागज गरिदिने व्यक्तिहरूले प्रतिवादीलाई बचाउने नियतले अदालतसमक्ष बकपत्र गर्दा आफ्नो सुरूको जिकिरलाई खण्डन गर्ने गरी बकपत्र गरेनन् होला भनी भन्न सकिने अवस्था रहेको देखिएन। साथै, अनुसन्धानको क्रममा खडा भएका कागजातमा आफूहरूले सहीछाप गरेको होइन भनी अदालतसमक्ष बकपत्रसमेत गर्न सकेको नदेखिँदा उक्त बकपत्रको बेहोरा विश्वसनीय रहेको देखिन आएन। मिसिल संलग्न मृतकको चितवन मेडिकल कलेज टिचिङ हस्पिटलको मिति २०७४।६।७ को मृत्युको मेडिकल प्रमाणपत्र, शव परीक्षण प्रतिवेदन, घटनास्थल तथा बरामदी मुचुल्काले जाहेरी दरखास्तको बेहोरा तथा मौकामा घटना विवरण कागज गर्ने व्यक्तिहरूको बेहोरालाई समर्थन गरिरहेको देखिएबाट मृतकको मृत्यु प्रतिवादी सुरेन्द्र पुनले टाउकोमा प्रहार गरेको चोटको कारणले नै भएको देखिने।

ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिमको कसुर कायम गर्नको लागि मनसाय तत्त्वको विद्यमानता अनिवार्य रूपमा हुनुपर्ने देखिन आयो भने सोही महलको १४ नं.बमोजिमको कसुर कायम गर्नको लागि मनसाय तत्त्वको अभाव रहेको र तत्काल आवेशमा आई ज्यान मारिएको परिस्थिति हुनुपर्ने।

मृतक र प्रतिवादीबिचको सम्बन्ध हेर्दा निजहरूबिच बाबु र छोराको नाता रहेको र निजहरूबिच

कुनै किसिमको पूर्वझगडा वा रिसइवी रहेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिँदैन। वारदातको दिन बिहानदेखि नै प्रतिवादीले घरको काममा नसघाएको भन्ने विषयमा प्रतिवादी र मृतकबिच भनाभन भएको र सोही दिन दिउँसो प्रतिवादी काम गर्छु भनी चिलाउनेको काठको दाइँ हाल्ने अङ्कुसे लट्ठी लिई गएकोमा प्रतिवादी मृतक काम गरिरहेको बारीमा पुग्दा निजहरूबिच पुनः सोही विषयमा भनाभन हुँदा प्रतिवादीले हातमा बोकी राखेको चिलाउनेको काठको दाइँ हाल्ने अङ्कुसे लट्ठीले प्रहार गर्दा निजको टाउकोमा चोट लागी सोही चोटको कारण उपचारको क्रममा मृत्यु भएको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट स्थापित भइरहेको देखियो । पुनरावेदक प्रतिवादी र मृतकबिच सोबाहेक अरू कुनै किसिमको झैझगडा भएको, मृतकलाई मार्नुपर्नेसम्मको कुनै रिसइवी रहेको वा प्रतिवादीले घरदेखि बोकी ल्याएको भनिएको काठको दाइँहाल्ने अङ्कुसे लट्ठी मृतकलाई मार्छु भन्ने मनसायका साथ बोकी ल्याएको मिसिल संलग्न कागजातहरूबाट देखिँदैन । मृतक र प्रतिवादीबिच भनाभन हुँदा उसैबखत प्रतिवादी आवेशमा आई बारीमा काम गर्न हातमा बोकी राखेको दाइँहाल्ने अङ्कुसे लट्ठीले मृतकलाई प्रहार गरेको र सोही चोटको कारण निजको मृत्यु भएको भन्ने प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान बेहोरा, घटना विवरण कागज, घटनास्थल तथा बरामदी मुचुल्का, मृतकको चितवन मेडिकल कलेजको मृत्यु प्रमाणपत्र तथा शव परीक्षण प्रतिवेदनबाट देखिएकोले उच्च अदालत तुलसीपुरबाट ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर कायम गरी १० वर्ष कैद सजाय हुने ठहऱ्याई भएको फैसला अन्यथा नदेखिने।

अतः उपर्युक्तबमोजिम पुनरावेदक प्रतिवादी सुरेन्द्र पुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा जन्मकैद गर्ने गरेको सुरू प्युठान जिल्ला अदालतको फैसला केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.बमोजिमको कसुर कायम गरी १० वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत तुलसीपुरबाट मिति २०७५।६।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुमेधा खनाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल जेठ २५ गते रोज ५ शुभम्।

**३३**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी**, *०७८-CR-०१६५, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. दलबहादुर फेउदिन*

प्रतिवादी अनुसन्धानको क्रममा नै फरार रहेका र वैदेशिक रोजगार न्यायाधिकरणबाट म्याद जारी हुन भनी अभियोग दायर भएको देखियो। प्रतिवादीहरूको नाममा वैदेशिक रोजगार न्यायाधिकरणबाट जारी भएको म्याद निजहरूको घरद्वार फेला नपरेको भनी बेपत्ते तामेल भएकोमा पुन: म्याद जारी हुँदा निजहरूको घर दैलामा समाह्वान म्याद टाँस तामेल भएकोमा म्यादभित्र यी प्रतिवादी हाजिर हुन नआई म्यादै गुजारी बसेको मिसिलबाट देखिन्छ। जाहेरवाला दिपक खत्रीलाई वैदेशिक रोजगारको लागि विदेश अमेरिका पठाइदिन भनी निजको एकाघरकी श्रीमती विष्णुमाया लक्सम फेउदिनले मानिसहरूलाई विदेश अमेरिका पठाउने काम गर्दछिन् करिब एक महिनाभित्र तपाइँ अमेरिका पुग्नु हुन्छ । जानको लागि करिब १७,००,०००।– सत्र लाख लाग्छ। तपाइँको डकुमेन्ट र पासपोर्टको साथै केही पैसा दिनु भनेका र विभिन्न व्यक्तिलाई पठाएको भनी विश्वास दिलाएका थिए । जाहेरवाला पनि निजको कुराले प्रभावित भई पासपोर्ट, प्रहरी रिपोर्ट, नागरिकतालगायतका कागजातसहित

मिति २०६८।४।२१ गतेका दिन विपक्षीहरू श्रीमान् दलबहादुर फेउदिन र श्रीमती विष्णु लक्सम फेउदिन दुवैलाई संयुक्त रूपमा रकम बुझाई पदमप्रसाद त्रिपाठीले वैदेशिक रोजगारको कागज गरिदिएको र उक्त कागजको किनारामा यी प्रतिवादी दलबहादुर फेउदिन साक्षी बसेको देखिन्छ। मौकामा कागज गर्ने पदमप्रसाद त्रिपाठीले जाहेरवालाले भनेर वेदेशिक रोजगारको कागज लेखिदिएको हुँ। रू.७,००,०००।– (सात लाख रूपियाँ) लिनु दिनु गरेको हो भनी बेहोरा लेखाइदिएको देखिने।

प्रतिवादी दलबहादुर फेउदिनलाई वैदेशिक रोजगार विभागले पटकपटक समाह्वान म्याद जारी गर्दा पनि म्यादमा उपस्थित हुन आएको देखिँदैन। वैदेशिक रोजगारको कागज पनि यी प्रतिवादीले जाहेरवालासँग रकम लिई गरिदिएकोसमेत देखिँदैन । विष्णु लक्सम फेउदिनले जाहेरवालासँग रकम बुझी मिति २०६८।४।२१ मा कागज गरिदिँदा साक्षीसम्म बसेको देखिन्छ । सोबाहेक यी प्रतिवादीले जाहेरवालाबाट रकम बुझेको कुनै लिखित कागजबाट पुष्टि भएको नदेखिँदा जाहेरी दरखास्तमा निजको नाम उल्लेख भएको बाहेक अन्य सबुद प्रमाणबाट निज कसुरदार हो भन्ने प्रमाणको अभावमा कसुरदार ठहराउन मिल्ने देखिएन । वादी पक्षले प्रमाण ऐन,२०३१ को दफा २५ अनुसार शंकारहित तवरले आफ्नो दाबी पुष्टि गर्न सकेको नदेखिँदा वैदेशिक रोजगार न्यायाधिकरणले अभियोग दाबीबाट सफाइ दिने ठह्र्याएको फैसला परिवर्तन गर्नुपर्ने नदेखिने।

तसर्थ, वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।११।१ मा भएको फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत : मधुसुदन आचार्य

इति संवत् २०७८ साल पौष ७ गते रोज ३ शुभम्।

## इजलास नं.८

### ३४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७३-WO-१०२३, परमादेश, चन्द्रकान्त ज्ञवालीसमेत वि. सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

आफ्नो देशको सिमाना निर्धारण गर्ने र सिमाबाट हुने आवत-जावत तथा अन्य गतिविधिलाई नियमन र व्यवस्थित गरी समग्र देश र नागरिकको जिउधन तथा सार्वजनिक सुरक्षा कायम गर्नुपर्ने दायित्वबाट सरकार पन्छिन मिल्दैन । देशको सिमाङ्कन गर्ने, सिमा क्षेत्रबाट एक अर्को देशमा आवतजावत गर्ने नाका (मार्ग) तोक्नेजस्ता रणनीतिक विषय सन्धि सम्झौता वा द्विपक्षीय एवम् बहुपक्षीय सम्बन्धका आधारमा कार्यपालिकाले निर्णय गर्ने विषय भए पनि नागरिकको अधिकार तथा हक हितसँग प्रत्यक्ष सरोकार रहने सिमानाको सुरक्षा, सिमाबाट हुने आवत-जावतलाई नियमन गर्ने तथा सिमा क्षेत्रमा हुने अवाञ्छित गतिविधि रोकी सार्वजनिक सुरक्षा कायम गर्ने विषयमा नेपाल सरकारले नागरिकप्रति उत्तरदायित्व पूरा नगरेको जिकिर लिई देशको कुनै नागरिकले अदालतसमक्ष निवेदन दिएको खण्डमा यस अदालतले त्यस्ता समस्या समाधानको लागि सरकारलाई सकारात्मक कदम चाल्न उपर्युक्त र न्यायोचित आदेश दिन सक्ने विषयलाई अन्यथा मान्न नमिल्ने।

सिमा नाकालाई व्यवस्थित गर्न विभिन्न स्थानमा अध्यागमन कार्यालय स्थापना गरिएको, सिमा क्षेत्रलगायत विभिन्न क्षेत्रमा देखिएका समस्या समाधान

गर्न नेपाल भारतका विज्ञहरू रहेको प्रबुद्ध समूह गठन गरी अध्ययन भइरहेको, सिमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण गर्न विभिन्न प्रयासहरू भइरहेको, सिमा क्षेत्रको सुरक्षा तथा सिमा व्यवस्थापन गर्न सशस्त्र प्रहरी बल नेपाललाई जिम्मेवारी दिइएको भनी लिखित जवाफमा उल्लेख गरेको र विद्वान् सहन्यायाधिवक्ताले बहसको क्रममासमेत जिकिर लिएको भए पनि नेपाल भारतबिच खुला सिमाना रहेको सन्दर्भमा खुला सिमानाको नियमन र व्यवस्थापन हुन नसकेको कारण सो को दुरूपयोग गरी सिमा क्षेत्रमा विभिन्न अवैध र आपराधिक गतिविधि भएको, जसले गर्दा शान्ति सुरक्षामा चुनौती बढेको देखिँदा त्यस्ता गतिविधि रोकी प्रभावकारी सिमा व्यवस्थान गर्नुं गराउनु भनी प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : गगनदेव महतो, दीपिका थापा मगर, नबिन आचार्य / दुर्गाप्रसाद खनाल

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल वैशाख १२ गते रोज १ शुभम्।

**३५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७६-WH-०२६७, बन्दीप्रत्यक्षीकरण, श्रीबहादुर राई वि. उच्च अदालत विराटनगरसमेत*

प्रतिवादीलाई पहिलो फैसलाबमोजिम कैद भुक्तान नगरेको अवस्थामा निजलाई अर्को कसुरमा सजाय ठहर भएमा एकै प्रतिवादी भए तापनि ठहर भएको सजाय फरक-फरक कार्यान्वयन गरिनुपर्छ भन्ने देखिन्छ। प्रस्तुत निवेदनमा निवेदकलाई पहिलो कैद सजाय मिति २०६६।६।२१ मा भएकोमा निवेदक फैसला भएको समयदेखि नै कैद भुक्तान नै नगरी फरार रहेको पाइन्छ। यसरी निवेदक पहिलो फैसलाले तोकेको कैद सजाय भुक्तान नगरेकै अवस्थामा निजउपर मिति २०६८।५।२६ मा बिना इजाजत वनपैदावार ओसारपसार मुद्दामा १० महिना कैद र मिति २०६९।३।२० मा बिना इजाजत वन पैदावर ओसारपसार मुद्दामा १ महिना कैद सजाय हुने गरी फैसला भएको पाइन्छ। निवेदकलाई पहिलो मुद्दामा ठहर भएको कैद सजायको कार्यान्वयन भइ नसकेको अवस्थामा नै अन्य फरक-फरक वारदातका २ मुद्दामा पनि सजाय ठहर भएको पाइयो। निवेदकले पहिले भएको मुद्दाको कैद सजाय भुक्तान नगरेकै अवस्थामा अरू मुद्दामा पनि सजाय ठहर भएकाले निजलाई सबैभन्दा बढी सजाय ठहर भएको पहिलो मुद्दाको सजाय मात्र कार्यान्वयन नगरी तीनै वटा मुद्दामा ठहर भएको सजायको फरक-फरक नै कार्यान्वयन गर्नुपर्ने देखिन्छ। तसर्थ मोरङ जिल्ला अदालतले निवेदकलाई पहिलो मुद्दामा ठहर भएको कैद सजाय सबैभन्दा बढी भए पनि सो सजाय मात्र कार्यान्वयन नगरी तीन वटा नै मुद्दामा ठहर भएको जम्मा हुन आउने १ वर्ष ११ महिना कैद नै कार्यान्वयन गर्नका लागि निवेदकलाई मिति २०७५।९।२० देखि २०७७।८।१९ सम्म कैदमा राख्ने गरी दिएको कैदी पुर्जीमा कुनै कानूनी त्रुटि रहेको नदेखिने।

अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट मोरङ जिल्ला अदालतले निवेदक राजु राई भन्ने श्रीबहादुर राई कानूनबमोजिमको कैदीपुर्जीबाट थुनामा रहेको देखिँदा निवेदकको थुनालाई गैरकानूनी भन्न मिलेन। निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - मिलनचन्द्र महत

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७७ साल असोज २१ गते रोज ४ शुभम्।

**३६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-CR-०५६३, कर्तव्य ज्यान, राकेश मिश्र वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी राकेश मिश्रले वारदात भएको समयमा म जनकपुर बहिनीको घरमा थिएँ भनी alibi को जिकिर लिई अदालतमा बयान गरेको देखिए तापनि सो alibi को जिकिर पुष्टि हुने प्रमाण पेस गर्न सकेको देखिँदैन। यस अदालतबाट ने.का.प. २०७१ अङ्क ११ नि.नं. ९२८३ मा "आफू अन्यत्र रहेको भनी अन्यत्रको दाबी लिनेले कानूनतः आफू त्यसरी अन्यत्र रहेको पुष्ट गर्नुपर्ने हुन्छ। केवल लगाइएको आरोपबाट सफाइ पाउने उद्देश्यले मात्र अन्यत्र रहेको थिएँ भन्ने कुरा तर्कयुक्त र स्वीकार्य हुन नसक्ने" भनी alibi को सम्बन्धमा सिद्धान्त प्रतिपादन भएको पाइन्छ। यस अवस्थामा प्रमाणविनाको मौखिक भनाइबाट मात्र प्रतिवादीको उक्त जिकिरसँग सहमत हुन सकिएन। त्यसैगरी प्रतिवादीले सहअभियुक्तको पोललाई प्रमाणको रूपमा लिन नसकिने भनी जिकिर लिएको देखियो। यस सम्बन्धमा ने.का.प. २०४४ अङ्क ४ नि.नं. ३०६० मा "सहअभियुक्तको पोललाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि हुनु गराउनसक्नु ज्यादै राम्रो कुरा हो तर त्यो छैन भन्दैमा सहअभियुक्तको पोललाई विचारै नगर्ने भन्ने होइन, यो कुरा मुद्दाको तथ्यमा भर पर्दछ। अन्य प्रमाणबाट समर्थन गराउनु वा समर्थन भएको छ छैन भनी केलाउनु एक कुरा हो तर यसैलाई अनिवार्य तत्त्व हो भनी सम्झनु हुन्न, यसलाई वाञ्छनीय तत्त्व हो भनी माने पनि अनिवार्य तत्त्व हो भनी यसलाई मान्न नसकिने" भनी यस अदालतबाट व्याख्या गरिएकोमा सहअभियुक्त दिपेन्द्र दुवेले गरेको बयानलाई समर्थन हुने गरी प्रहरीमा कागज गर्ने सिताराम महतोले सुरू अदालतमा गरेको बयानमा दुई जना मोटरसाइकलमा आएकोमा बाटोमा दुई जनाले मोटरसाइकल रोकेको, गोली प्रहार गरेको तथा त्यसपछि मसमेत खेतमा काम गरिरहेका अन्यसमेतले मान्यो मान्यो पक्री भनी आउँदा एक जना मोटरसाइकल चढी भागेको र दिपेन्द्र दुवेलाई समाती चौकीमा बुझाएको भनी बेहोरा उल्लेख गरेको, उपेन्द्र चौधरीले प्रहरीमा गरेको कागजमा समेत पूर्णसिंह प्रधानसँग पहिलादेखि नै सचिव जयनन्दन दुवेको वादविवाद भइरहेको कारण निजको हत्यामा जाहेरीमा उल्लिखित दिपेन्द्र ठाकुर, राकेश मिश्र, जयनन्दन दुवे र दिपेन्द्र दुवेसमेतको संलग्नता थियो भन्ने बेहोरा उल्लेख भएको देखिँदा यी पुनरावेदकको जिकिरबमोजिम सहअभियुक्तको पोललाई प्रमाण मान्न नमिल्ने अवस्था देखिएन। यस स्थितिमा यी पुनरावेदक/ प्रतिवादी राकेश मिश्र वारदातस्थलमा उपस्थित नरहेको र उक्त घटनामा निजको संलग्नतासमेत नरहेको भन्न सकिने अवस्था नरहने।

त्यसैगरी पुनरावेदक/प्रतिवादीले मेरो मृतक ओभरसियर पूर्णसिंह प्रधानलाई मार्नुपर्ने कुनै कारण नरहेको र कुनै किसिमको विवादसमेत नरहेको अवस्थामा कुनै पनि हत्यामा आपराधिक कार्य (Actus Reus) प्रमाणित हुनको लागि सो कार्य दूषित मनसाय (Mens Rea) राखी पूर्वयोजना बनाई कार्य गरिएको हुनुपर्छ भन्ने फौजदारी न्यायको सिद्धान्तविपरीत मलाई गरिएको सजाय न्यायपूर्ण हुन नसकेको भनी गरेको जिकिरतर्फ विचार गर्दा, यी पुनरावेदक प्रतिवादी मोटरसाइकल लिई घटनापश्चात् भागेको एवम् मृतकको मृत्यु कर्तव्य गरी भएको भन्ने पुष्टि हुन आएको हुँदा निजको घटनामा संलग्नता रहेको देखिन आयो। यस स्थितिमा यस अदालतबाट ने.का.प. २०६४ अङ्क ५ नि.नं. ७८४४ मा "अपराध घटेको तथ्य पुष्टि भइरहेको अवस्थामा सानातिना प्राविधिक

विषयको पछि लागी अभियुक्तलाई सफाइ दिँदै जाने हो भने समाजले अपराधको भयबाट कहिल्यै मुक्ति नपाउने र अपराध गर्नलाई दण्डित गर्ने फौजदारी न्यायको अभीष्टसमेत पराजित हुने भएकोले फौजदारी कानूनमा कतिपय अवस्थामा निरपेक्ष दायित्व किटान गरिएको हुन्छ । त्यस्तोमा उद्देश्य जे भए पनि परिणाम खराब छ भने त्यसका लागि उत्तर दायित्व वहन गर्नुपर्ने" भनी गरिएको व्याख्याबाट समेत आपराधिक कार्य (Actus Reus) स्थापित भएको स्थितिमा स्वतः दूषित मनसाय (Mens Rea) स्थापित हुने अवस्था विद्यमान रहने देखिन्छ । यसरी यी पुनरावेदक/प्रतिवादीसमेत भई मृतक पूर्णसिंह प्रधानको गोली प्रहार गरी कर्तव्य भएको स्थापित गएको र निज राकेश मिश्र ज्यानमारा रहेको पुष्टि हुन आएको हुँदा पुनरावेदन जिकिर तथा पुनरावेदक/प्रतिवादीको तर्फबाट मुकरर कानून व्यवसायी विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन । तसर्थ तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. को आधारमा सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहर भएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा गरिरहनु नपर्ने ।

अतः माथि विवेचित आधार, कारणहरूसमेतबाट सुरू महोत्तरी जिल्ला अदालतबाट पुनरावेदक/प्रतिवादी राकेश मिश्रलाई अभियोग माग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भएको मिति २०७१।११।०४ को फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।०१।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । तर प्रस्तुत मुद्दामा यी प्रतिवादी राकेश मिश्रलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं.बमोजिम महोत्तरी जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।०१।२९ मा भएको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा कुनै "कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने व्यवस्था नभएकोले प्रस्तुत मुद्दामा पुनरावेदक/प्रतिवादी राकेश मिश्रलाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ, निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृत : ताराप्रसाद जोशी

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल मङ्सिर २३ गते रोज ५ शुभम् ।

३७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७५-CR-१२४०, कर्तव्य ज्यान, रामसागर काँदू वि. नेपाल सरकार*

अतः प्रतिवादी रामसागर काँदूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतको मिति २०७३।०२।१० को फैसला सदर हुने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज

इजलासबाट मिति २०७४।०२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक/प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । सजायको हकमा यी प्रतिवादी रामसागर काँदूलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू बाँके जिल्ला अदालतको फैसलाबाट देखिए पनि "मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) को कानूनी व्यवस्था भएकोबाट प्रतिवादी रामसागर काँदूलाई सर्वस्वको सजायसम्म हुने देखिएन । तसर्थ निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ असार २० गते रोज १ शुभम्।

## ३८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७७-WH-०३३४, बन्दीप्रत्यक्षीकरण, गोपाल गुरूङसमेत वि. भोजपुर जिल्ला अदालत, तहसिल शाखा, भोजपुरसमेत*

निवेदकहरू गोपाल गुरूङ र वीरबहादुर बि.क. विरूद्ध डाँका मुद्दामा सुरू भोजपुर जिल्ला अदालतबाट मिति २०७१।३।३२ मा जनही ६(छ) वर्ष कैद र रू.१२,७७,२५०।- (बाह्र लाख सतहत्तर हजार दुई सय पचास रूपियाँ) जरिवाना हुने गरी भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७२।१।१३ मा भएको फैसला अन्तिम भई बसेको देखिने।

मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३)(क) मा "उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको कसुर भए सात वर्षदेखि चौध वर्षसम्म कैद र सत्तरी हजार रूपियाँदेखि एक लाख चालिस हजार रूपियाँसम्म जरिवाना हुने" कानूनी व्यवस्था रहेको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरको सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने" र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन तथा खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२)(ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ। तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । निवेदकहरू मिति २०६९।४।९ मा पक्राउ परी आजका मितिसम्म ८ वर्ष ९ महिनाभन्दा बढी कैद बसेको देखिँदा निवेदकहरूले उल्लिखित फैसलाले ठहर गरेको ६ वर्षको कैद अवधि भुक्तान गरिसकेको देखियो । जहाँसम्म निवेदकहरूलाई भएको जरिवानाबापत हुने कैदसमेत भुक्तान भइसकेको हुँदा निवेदकहरूको थुना गैरकानूनी रहेको भन्ने निवेदकहरूको जिकिर रहेको देखिन्छ। प्रस्तुत डाँका मुद्दामा मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ ३(क) मा जरिवानाको सम्बन्धमा अधिकतम रू.१,४०,०००।– (एक लाख चालिस हजार) सम्म मात्र जरिवाना हुने कानूनी व्यवस्था रहेको हुँदा निवेदकहरूलाई जनही रू.१,४०,०००।– (एक लाख चालिस हजार रूपियाँ) जरिवाना हुने देखियो । निवेदकहरूलाई जरिवानाबापतको हुन

आउने उक्त रू.१,४०,०००।– (एक लाख चालिस हजार रुपियाँ) निवेदकहरूले नबुझाउँदाको अवस्थामा उल्लिखित जरिवानाबापत निज निवेदकहरूलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम दैनिक रू.३००।- का दरले १ वर्ष ३ महिना १२ दिन कैद हुन सक्नेमा सोभन्दा बढी २ वर्ष ९ महिना कैद अवधि निवेदकहरूले भुक्तान गरिसके पनि आजसम्म निवेदकहरू थुनामा रहेको देखिँदा यी निवेदकहरूको थुनालाई कानूनसम्मत मान्न नमिल्ने।

अत: माथि विवेचित आधार, कारणबाट यी निवेदकहरू गैरकानूनी रूपमा थुनामा रहेको देखिँदा अन्य कुनै कारण वा मुद्दामा थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको रोहमा निज निवेदकहरू गोपाल गुरूङ र बीरबहादुर बि.क. लाई आजै थुनामुक्त गरिदिनु भनी नेपालको संविधानको धारा १३३ (२)(३) एवम् सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(ख) बमोजिम विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत - गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७८ साल जेठ २१ गते रोज ६ शुभम्।

**३९**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७९-WH-००४८, बन्दीप्रत्यक्षीकरण, सम्राट रोकाया वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १५ स्थित प्रहरी वृत्त, स्वयम्भूसमेत*

मिति २०७९।०५।२२ मा पक्राउ गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट पाँच दिनको म्याद थप अनुमति प्राप्त गरी प्रहरी हिरासतमा राखी अनुसन्धान भई अनुसन्धान प्रतिवेदन जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा पेस हुँदा मिति २०७९।०५।२९ थुनामा भएकोमा निज सम्राट रोकायालाई रू.३०००।- धरौटी माग भएकोमा सो दिन इन्कार गरेकोमा कारागार कार्यालय जगन्नाथदेवल पठाइएको देखिन्छ। मिसिल संलग्न मिति २०७९।०५।२९ को जिल्ला प्रशासन कार्यालय, काठमाडौंको पत्रानुसार सो विषयको जानकारी रिट निवेदक सम्राट रोकायालाई भएकै देखिन्छ। यस सन्दर्भमा रिट निवेदक सम्राट रोकाया उक्त विषयवस्तुको सम्बन्धमा अनभिज्ञ रहेको भन्ने अवस्था देखिएन । जहाँसम्म गैरकानूनी थुनाका सम्बन्धमा विचार गर्दा, रिट निवेदककातर्फबाट प्रतिरक्षामा रहनुभएका विद्वान् अधिवक्ता रमेश सापकोटाले निवेदकसँग माग भएको धरौटी रकम राखी थुनामुक्त भइसकेको भनी मिति २०७९।०५।३० को केन्द्रीय कारागार कार्यालय, काठमाडौंको आदेशको प्रतिलिपि पेस गर्नुभएकोले रिट निवेदनको औचित्य समाप्त भई निवेदन मागअनुसार गरिरहनपर्ने नदेखिएको हुँदा निवेदन मागबमोजिम आदेश जारी गरिरहन परेन, रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - सुभद्रा जि.सी., निशा फुयाल

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल असोज ६ गते रोज ५ शुभम्।

**४०**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७२-CI-०२८०, हक कायम दर्ता, जयराम चौधरी वि. दनावती कोइरीनी*

पुनरावेदक वादीले विवादित जग्गा कि.नं. ६४ को ठेगाना नैनपुर गा.वि.स. हुनुपर्नेमा हनुमाननगर भएकाले त्रुटि सच्याइपाउन निवेदन दिएकोमा पुनरावेदन अदालत राजविराजबाट जग्गाको ठेगाना गलत भएको, ठेगाना संशोधन नभएको भन्ने आधारमा वादी दाबी नपुग्ने गरी भएको फैसला मिलेन भनी जिकिर गरेको देखिन्छ। यी पुनरावेदकले सुरू अदालतमा दिएको

उक्त निवेदन हालसम्म पनि संशोधन नभई निष्क्रिय भइरहेको तथा उक्त विवादित जग्गाको वतन संशोधन भएकै अवस्थामा पनि मुद्दामा यी पुनरावेदकको पक्षमा तात्त्विक फरक पर्ने स्थिति देखिँदैन । मिसिल संलग्न अन्य प्रमाणबाट दाबीको जग्गामा निर्विवाद रूपमा वादीको हक कायम हुन सक्ने स्थिति नदेखिएको अवस्थामा पुनरावेदकको उक्त जिकिरले खास माने नराख्ने।

तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट वादी दाबीको कि.नं. ६४ को जग्गामा यी पुनरावेदक वादीको हक कायम गरी दर्ता हुने ठहऱ्याएको सुरू सिराहा जिल्ला अदालतको मिति २०७०।११।०१ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७२।०१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हेमराज शर्मा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल पौष १८ गते रोज २ शुभम् ।

- यसै लगाउको *०७४-CI-०४१५, साबिकबमोजिम बाटो खुलाइपाऊँ, दिनेशप्रसाद ब्याञ्जु वि. चन्द्रमाया लाखाजुसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**४१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७४-CI-०४१६, घर भत्काई बाटो निकास खुलाइपाऊँ, दिनेशप्रसाद ब्याञ्जु वि. चन्द्रमाया लाखाजुसमेत*

वादीको मन्जुरीबेगर नै वादीको स्रेस्ताभित्रको जग्गामा बाटो कायम गरिदिएको फैसला यस अदालतबाट प्रतिपादित (ने.का.प.२०६६, अङ्क ७ नि.नं.८११०, ने.का.प.२०७१ अङ्क ६ नि.नं.९१८०) सिद्धान्तसमेतको विपरीत रहेको भन्ने यस अदालतबाट मुद्दा दोहऱ्याइदिने अनुमति प्रदान गर्दा आधार लिइएको सम्बन्धमा हेर्दा उक्त नजिरमा उल्लिखित मुद्दाहरूमा जग्गामा हक स्वामित्व नै नभएका व्यक्तिले गरिदिएको लिखतका आधारमा हक हस्तान्तरण हुन नसक्ने भनी सम्बन्धित लिखतको वैद्यता सम्बन्धमा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रस्तुत मुद्दामा यी पुनरावेदकहरूका पति/पिता शंखबहादुरले मिति २०४०।१०।२१ मा बाटोका लागि जग्गा दिने भनी गरेको कागजबाट ३ फिट सार्वजनिक बाटो कायम गरिएको नभई वादीको घरमा जान परापूर्व साबिकदेखि ३ फिट बाटो रहेको भन्ने उल्लेख भएको यी पुनरावेदकका पिता/पति शंखबहादुरले र सो कुरालाई अदालतबाट भई आएको नक्सा मुचुल्कासमेतबाट पुष्टि भएकोले साबिकदेखि नै वादीको कि.नं. ४२८ मा जान आउन प्रतिवादीको कि.नं. ४२६ बाट ३ फिटको बाटो रहेको तथ्यसम्म सो मिति २०४०।१०।२१ को विवादित लिखतले उजागर गरेको र सोलाई आधार मानी पुनरावेदक मिश्रीमायाको नाममा रहेको कि.नं. ४२६ को जग्गाबाट वादीको कि.नं. ४२८ मा जाने आउने गरी कायम रहेको गोरेटो बाटोलाई नै सार्वजनिक कायम गरिएको देखिएको हुँदा पुनरावेदन अदालत पाटनबाट भएको फैसला उक्त नजिरविपरीत रहेको भन्न मिल्ने नदेखिएकाले मुद्दा दोहोऱ्याई हेर्न अनुमति प्रदान गर्दा लिइएको उक्त आधारसँग सहमत हुन नसकिने।

अतः माथि उल्लिखित तथ्य एवं विवेचित आधारहरूबाट सुरू भक्तपुर जिल्ला अदालतबाट वादीहरूको कि.नं. ४२८ को जग्गामा जान आउन लागि ३ फिट सार्वजनिक बाटो कायम हुने र मिति २०४०।१०।२१ को लिखतको आधारमा थप १.६

फिट बाटो सार्वजनिक कायम हुनुपर्ने भन्ने वादीको दाबी पुग्न नसक्ने ठहऱ्याएको मिति २०७१।२।१९ को सुरू भक्तपुर जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।३।७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : हेमराज शर्मा

कम्प्युटर - सुप्रभा अर्याल

इति संवत् २०७९ साल पौष १८ गते रोज २ शुभम् ।

४२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७२-CI-०९५१, मोही नामसारी, गोविन्दप्रसाद दुलाल वि. सत्यमाया मानन्धरसमेत*

यस अदालतबाट मुद्दा दोहोऱ्याइदिने अनुमति प्रदान गर्दा लिएको आधारको रूपमा उल्लिखित गोविन्दहरि अमात्य विरूद्ध शिवनारायण चौधरीसमेत भएको मोही नामसारी मुद्दा (ने.का.प. २०७२ वैशाख, नि.नं. ९३२५, पृष्ठ ५८) मा प्रतिपादित नजिर सम्बन्धमा हेर्दा उक्त मुद्दामा जग्गाधनीले पत्याएको हकवालाले मोही हक अर्को हकदारका नाममा नामसारी गर्न मन्जुरीनामा दिएको आधारमा मोहियानी हक स्थापित हुने भनी फैसला भएको देखिन्छ भने प्रस्तुत मुद्दामा जग्गाधनीले प्रत्यर्थी प्रतिवादी झमकप्रसादलाई मोहीमा पत्याएको देखिएको र प्रत्यर्थी प्रतिवादीले यी वादीलाई मोहीमा कमाउन लिखित मन्जुरी दिएको देखिन नआएको अवस्था हुँदा उक्त मुद्दामा अन्तरनिहित विषयवस्तु र यस मुद्दामा रहेको विषयवस्तुबिच तात्त्विक भिन्नता रहेको देखिएकोले सो मुद्दामा प्रतिपादन भएको सिद्धान्त यस मुद्दामा आकर्षित हुने स्थिति नदेखिँदा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा लिइएका आधार कारणसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि विवेचित आधार प्रमाणसमेतका आधारबाट जग्गाधनीले पत्याएको व्यक्ति प्रत्यर्थी वादी झमकप्रसादको नाउँमा मोही नामसारी हुने गरी सुरू भूमिसुधार कार्यालय, रौतहटबाट मिति २०७१।१।१७ मा भएको निर्णय सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : हेमराज शर्मा

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल पौष १८ गते रोज २ शुभम् ।

४३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-RC-०११९, कर्तव्य ज्यान, नेपाल सरकार वि. तेजिसरा बि.क.*

प्रतिवादीका पति जबरजस्ती करणी मुद्दामा कैदमा परेको, २२ वर्षकी यी महिलाले गाउँकै सन्तोष भन्ने कर्णबहादुर परियारसँग शारीरिक सम्पर्क गरी गर्भधारण गरेकी, ३ कक्षा मात्र अध्ययन गरेकी यी ग्रामीण महिलाले त्यस्तो अवैध गर्भधारण गरी जन्मेको बच्चा कोही कसैले थाहा नपाउने गरी खाल्डोमा माटोले पुरी लोकलाजबाट बच्न त्यस्तो कसुर गरेको देखिन आई निजलाई उक्त ठहरेबमोजिमको सर्वस्वसहित जन्मकैद गर्दा चर्को हुने देखिन आई निजको उमेर अवस्था र घटना प्रकृतिलाईसमेत विचार गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं.बमोजिम ८(आठ) वर्ष मात्र कैद सजाय गर्न व्यक्त गरेको सुरू बाँके जिल्ला अदालतको रायसहितको फैसला चर्को हुने भएकोले निजको उमेरको अवस्था र घटनाको प्रकृतिसमेतलाई विचार गर्दा तत्कालीन मुलुकी ऐन, अ.बं. १८८ नं तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(१क)

बमोजिम ५(पाँच) वर्ष मात्र कैद गर्ने भनी व्यक्त गरेको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको रायसमेत न्यायोचित देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूसमेतबाट सुरू बाँके जिल्ला अदालतबाट प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुर गरेको पुष्टि हुन आई ऐ.ऐन महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याइ तत्कालीन मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम ८(आठ) वर्ष कैदको सजाय हुने गरी राय व्यक्त भएको फैसलामा सर्वस्व गर्न नमिल्ने भई जन्मकैदको सजाय हुने ठहऱ्याइ तत्कालीन मुलुकी ऐन, अ.बं. १८८ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(१क) बमोजिम ५(पाँच) वर्ष मात्र कैदको सजाय हुने गरी राय व्यक्त भई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७६।५।१५ मा भएको फैसला कानूनसम्मत भई मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : सुभद्रा जि.सी.

इति संवत् २०७९ भाद्र १२ गते रोज १ शुभम्।

**४४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७८-RC-०१३३, कर्तव्य ज्यान, नेपाल सरकार वि. खेलकुमारी सुनुवार*

प्रतिवादी खेलकुमारी सुनुवार मिति २०७७।४।७ गते घाँस काट्न भनी गएको र सोही समय निजको पेट दुखी स्वास्थ्य चौकीतर्फ जाँदै गर्दा बिच बाटो जंगल खोलाको छेउमा बेथा लागी सोही ठाउँमा बच्चा जन्मिएको र सो बच्चा जन्मिदा म बेहोस भएकीमा २ घण्टापछि होसमा आई बच्चालाई चलाउँदा हलचल नगरेकोले मरेको बच्चा जन्मिएको रहेछ भनी सोही खोलाको किनारछेउमा सो बच्चालाई छाडी जंगलमा गाईहरू बाँधेको गोठमा गई सुती भोलिपल्ट सिम्ले गई रात परेपछि जङ्गल साइडमा गई बस्दै मिति २०७७।४।१७ गते काकालाई फोन गरी प्रहरी कार्यालयमा उपस्थित भएको हुँ भन्नेसमेत बेहोराको कागज गरेको देखिन्छ । निज प्रतिवादीले मिति २०७७।५।४ गते गरेको बयानमा निजले उत्तरकुमार सुनुवारसँग सहमतिमा यौन सम्बन्ध राखी गर्भ रहेको र मिति २०७७।४।७ गतेका दिन साँझ बेथा लागी बच्चा जन्मिई हेर्दा छोरा जातको रहेको र बच्चा रून्छ, कराउँछ गाउँ समाजले थाहा पाउँछ भन्ने सोची जन्मनासाथ बच्चाको घाँटीमा सालिमोको घाँसको डोरीले (जुइनो) बाँधी सोही स्थानमा मारी उक्त मृत बच्चालाई बिहानको राति अन्दाजी ०३:०० बजेको समयमा प्लाष्टिकमा पोको पारी घरदेखि अन्दाजी ५०० मिटर पर जङ्गलमा लगी खाल्डो खनी गाडी माथिबाट सानो ढुङ्गालेसमेत थिची राखेको भनी कसुरमा साबित भई बयान गरेको देखियो । सोही बेहोरालाई समर्थन हुने गरी निजले गाउँ समाजको डरले अवैध गर्भबाट जन्मेको शिशुको कर्तव्य गरी मारेको हुँ भनी अदालतसमक्षसमेत कसुरमा साबित भई बयान गरेको देखिन्छ। प्रतिवादीले कसुरमा साबित भई गरेको बयान, घटनास्थल/लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, घटना विवरण कागज गर्ने डाककुमार कार्की, हेमकुमार सुनुवारको, वस्तुस्थिति मुचुल्कामा सहीछाप गर्ने तोरणकुमार सुनुवार, रामकुमार सुनुवार र टंककुमार सुनुवारले लेखाइदिएको बेहोरा, प्रतिवादी खेलकुमारी सुनुवारको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रहरी प्रतिवेदकले गरेको बकपत्रसमेतबाट प्रतिवादी खेलकुमारी सुनुवारले अवैध गर्भधारण गरी नवजात शिशु जन्माई सो शिशुलाई गाउँ समाजले थाहा पाउँछ भनी जन्मनासाथ मारी जङ्गलमा लगी गाडेको तथ्यमा विवाद नदेखिँदा निज प्रतिवादीले मुलुकी अपराध

संहिता, २०७४ को दफा १७७ को उपदफा (१) विपरीतको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई अभियोग दाबीबमोजिम ऐ. संहिताको दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैदको सजाय हुने र निजले अभियोग दाबी स्वीकार गरी न्यायिक प्रक्रियामा अदालतलाई सहयोग पुऱ्याएकोले निजलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३(३)(क) बमोजिम २५ प्रतिशतसम्म सजाय छुट दिन अर्थात् ६ वर्ष ३ महिना कैद छुट दिँदा कायम हुन आउने १८ वर्ष ९ महिना कैद सजाय हुने ठहऱ्याई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट पीडित राहत कोषमा रू.२,२००।- (दुई हजार दुई सय रूपियाँ) क्षतिपूर्ति शुल्क भराइदिनेसमेत ठहऱ्याएको सुरू उदयपुर जिल्ला अदालतबाट भएको फैसलालाई साधक सदर हुने ठहर गरेको उच्च अदालत विराटनगरबाट भएको फैसला मिलेकै देखिने।

यी प्रतिवादीलाई ४ वर्ष कैद कायम हुनुपर्ने व्यक्त रायको सम्बन्ध छ त्यसतर्फ विचार गर्दा, निजको उमेर, निज अविवाहित रहेको अवस्था तथा अदालतसमक्ष कसुरमा साबित भई न्यायिक प्रक्रियालाई सहज बनाएको र अवैध गर्भबाट जन्मन गएको बच्चाको कारण सामाजिक लाञ्छना तथा लोकलाजबाट बच्न जन्मिएको शिशुको मृत्युको घटनाका सम्बन्धमा देखिएको प्रतिवादीको संलग्नता, तत्कालको असहज र संवेदनशील परिस्थितिलाई मनन गर्दा निज प्रतिवादीलाई २(दुई) वर्ष कैद गर्दा पनि न्यायोचित हुने भएकोले निजको हकमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम उच्च अदालत विराटनगरसमेतबाट व्यक्त गरेको ४ वर्षको रायको सट्टामा यी प्रतिवादी खेलकुमारी सुनुवारलाई २(दुई) वर्ष कैद सजायको राय कायम हुने।

इजलास अधिकृत : सुभद्रा जि.सी.

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल भाद्र १२ गते रोज १ शुभम्।

**४५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा**, *०६९-CI-१२८३, दर्ता बदर नामसारी, चन्द्रदेव पुरी वि. धर्मदेव भन्ने धर्मराज पुरी*

तत्काल कायम रहेका अंशियारहरू बाबु नन्दलाल पुरी, आमा विष्णु पुरेनी, दाजुहरू पुर्णदेव पुरी र धर्मराज पुरी ४ जनाबिच मिति २०२५।११।५ गते अंशबन्डा भई छुट्टी भिन्न भएपछि वादी चन्द्रदेव पुरीको जन्म भएको तथ्यमा कुनै विवाद देखिएन। मुलुकी ऐन, अंशबन्डाको ११ नं. मा अंशबन्डा भइसकेपछि ल्याएका स्वास्नी र जन्मेका छोराले बाबुको अंश जिउनीबाट मात्र अंश पाउँछन् भन्ने कानूनी व्यवस्था रहेको हुँदा उक्त पारित बन्डापत्रबमोजिम बाबुआमाको अंशभागमा परेको सम्पत्तिमा मात्र यी पुनरावेदक वादीको अंश हक कायम हुने देखिन्छ। तर विवादित कि.नं. ७२७ को जग्गा प्रतिवादी धर्मराज पुरीको नाममा दर्ता हुनुभन्दा पहिला कसैको नाममा दर्ता नभएको ऐलानी जग्गा भएको र सो जग्गा नगर बिस्तारको क्रममा नगर निर्माण कमिटीबाट वादी तथा प्रतिवादीका बाबु नन्दलाल पुरीबाट रू.३००।- लिई प्लट छुट्याइदिएको हो भन्नेमा वादी र प्रतिवादी दुवैको मुख मिलेको देखिएको छ। यस्तो अवस्थामा सो जग्गा पैत्रिक भएको वा वादीका बाबु नन्दलाल पुरीले बन्डामा पाएको भन्ने पनि देखिएन। यस परिप्रेक्ष्यमा यी वादी र प्रतिवादीहरूका बाबु नन्दालाल पुरीले सुर्खेत वीरेन्द्रनगर निर्माण कमिटीबाट नगरमा बसोबास गर्नको लागि घडेरी नं. ३३ को प्लट लिएको भए तापनि निजको नाममा

आइसकेको अवस्था छैन । उक्त जग्गा "तिमी छोरा धर्मराज पुरीले उक्त घडेरी आफ्नो नाममा दर्ता गराई भोगचलन गर्नु भनी" साक्षीहरूलाई रोहबरमा राखी लेखिदिएको मन्जुरनामाको आधारमा समितिले निर्णय गरी जग्गा दर्ताको लागि मालपोत कार्यालय सुर्खेतमा पठाएको र सो कार्यालयबाट दाबी विरोधका लागि मिति २०२९।०९।२९ गते सूचना प्रकाशित गरेकोमा कसैको पनि उजुरी नपरेपछि निजलाई जग्गाधनी प्रमाण पुर्जासमेत दिएको मिसिल संलग्न कागजातबाट देखिन आयो । यसरी वादी प्रतिवादीहरूका बुबा नन्दलाल पुरी जीवित छँदै मालपोत कार्यालयसमेतले कानूनबमोजिमको प्रक्रियाहरू पूरा गरी विवादित कि.नं. ७२७ को जग्गा प्रतिवादी धर्मराज पुरीको नाममा दर्ता गरेको अवस्थामा कसैको पनि दाबी विरोध नपरेको देखिँदा उक्त दर्ता बदर हुनुपर्ने भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जहाँसम्म, पुनरावेदकको विवादित जग्गा लामो समयसम्म आफ्नो भोगचलनमा रहेको भन्ने जिकिर छ, सोतर्फ विचार गर्दा, कि.नं. ७२७ को जग्गा वादीले मिति २०६६।८।७ गतेसम्म अनवरत रूपमा आफूले भोगचलन गरी आएको भनी फिराद दाबी लिएको देखिन्छ । यसरी लामो समयसम्म भोगचलन गरेको जग्गा कानूनबमोजिम दर्ता भएको छ छैन, जग्गाधनी प्रमाण पत्र किन प्राप्त गर्न सकिएन भनी जग्गा दर्ता गर्नको लागि आवश्यक कानूनी प्रक्रिया अवलम्बन गरेको भनी वादीले कुनै तथ्य प्रमाणले पुष्टि गर्न सकेको देखिएन । त्यसबाट पनि उक्त विवादित जग्गा वादीले नै भोगचलन गरेको भन्ने मान्न सकिने अवस्था भएन। सो विवादित जग्गा वादी दाबीबमोजिम पुनरावेदककै भोगचलनमा रहेको मान्ने हो भने पनि भौतिक नियन्त्रण हुँदैमा जग्गाको स्वामित्व निजकै हुन्छ भन्न सकिँदैन। यस सम्बन्धमा पुनरावेदक प्रतिवादी दुनाई यादवसमेत विरूद्ध प्रत्यर्थी वादी जगदिश मण्डल धानुकसमेत भएको मुद्दामा (ने.का.प. २०६६, अङ्क ८, नि.नं. ८२०१) जग्गाको स्वामित्वको निर्धारणमा तत्काल भौतिक नियन्त्रण हुनैपर्ने बाध्यता नहुने किन भने स्वामित्व र भोग अलग-अलग कानूनी अवधारणा भएबाट यी अलग-अलग व्यक्तिको हुन सक्ने विधिशास्त्रीय मान्यता छ। तर सम्पत्ति धारण गर्ने स्वामी अर्थात् धारकको सो सम्पत्तिसँगको सम्बन्ध स्पष्ट रूपमा देखिनुपर्छ । त्यो देखिने आधार कानूनले संरक्षण गर्न सक्ने अवस्थाको भएमा मात्र त्यस्तो सम्पत्तिमा स्वामित्वको दाबी गर्ने अधिकारको सिर्जना हुन सक्ने भनी यस अदालतबाट व्याख्या भएको देखिन्छ । यसरी वादी दाबीको जग्गा कानूनसम्मत प्रक्रियाबाट प्रतिवादीको नाममा दर्ता भएको देखिएको र सो जग्गाको भोगचलन वादीले गरी आएको भन्नेसमेत पुष्टि हुन नसकेको स्थितिमा वादी दाबी नपुग्ने गरी सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत सुर्खेतको फैसला मिलेकै देखिने।

तसर्थ, माथि उल्लिखित आधार र प्रमाणबाट वादीको दाबी नपुग्ने गरी भएको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०६७।१२।१३ को फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत सुर्खेतबाट मिति २०६९।०३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - ताराप्रसाद जोशी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल वैशाख १७ गते रोज १ शुभम्।

**४६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा**, *०६९-CI-१२८४, दर्ता बदर नामसारी, चन्द्रदेव पुरी वि. धर्मदेव भन्ने धर्मराज पुरी*

वादीले फिराद पत्रमा मिति २०२५।११।५

गते अंशबन्डाले बाबु नन्दलाल पुरी आमा विष्णु पुरेनीको भागमा परेको कि.नं. ६९ सि.नं. ६८ को ज.वि. २-४-१० मध्ये बुबा नन्दलाल र आमा विष्णु पुरेनीका नाममा पूरै दर्ता हुनुपर्ने ज.वि.१-२-० भए तापनि विपक्षी धर्मराज पुरीले जिमिदार धर्मदेव गिरीसँग मिलेमतो गरी कि.नं. १५६ ज.वि. ०-८-०३/४ को जग्गा मात्र आमा विष्णु पुरेनीको नाममा दर्ता गरी कि.नं. १५३ ज.वि. १-४-०१/४ र कि.नं. १५४ ज.वि. ०-१३-२१/२ जग्गा आफ्ना नाउँमा दर्ता गरी बन्डापत्रभन्दा बढी ज.वि. ०-१५-२३/४ जग्गा लिएको भन्नेसमेत बेहोरा उल्लेख गरेको देखिन्छ। यसरी एउटै कि.नं. ६९ को जग्गामध्ये केही कि.नं. १५६ बाट वादीको आमा विष्णु पुरेनीको नाममा दर्ता गराएको र अरू जग्गा कि.नं. १५३ र १५४ बाट प्रतिवादीले आफ्नो नाममा मिति २०३०।२।७ मा दर्ता गराएको देखिन्छ। यस अवस्थामा एउटै कि.नं. ६९ को जग्गा दुई व्यक्तिको नाममा दर्ता भइसकेपछि जग्गाधनी प्रमाण पुर्जा, फिल्डबुक, नापी नक्सासमेतका तत्काल प्राप्त हुने प्रमाण कागजातबाट वादीका बाबु नन्दलाल पुरीसमेतले के कति जग्गा आफूले पाउनुपर्ने हो र के कति आफ्नो नाममा दर्ता भयो भनी थाहा नपाउने भन्न मिल्ने नदेखिएको हुँदा प्रतिवादीले झुक्याएर आफ्नो नाममा जग्गा दर्ता गराएको भन्ने अनुमान गर्न मिल्ने देखिएन। यदि बढी जग्गा अरूको नाममा दर्ता हुन गएको भएमा वादीका बाबुआमाले कानूनको हदम्यादभित्र दर्ता बदरमा जान सक्ने कानूनी हक रहेकै देखिन्छ। यस सम्बन्धमा मुलुकी ऐन, जग्गा पजनीको १७ नं.मा तालुकदारले खापी खाएका बाहेक एकको हकको जग्गा अर्कोले दर्ता गराएकोमा थाहा पाएको मितिले छ महिनाभित्र र अरू कुरा भए गरेको मितिले दुई वर्षभित्र नालिस नदिए लाग्न सक्तैन भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। तर वादीका बाबु नन्दलाल पुरी र आमा विष्णु पुरेनीसमेतले उपर्युक्त ऐनका हदम्यादभित्र त्यस प्रकारको कुनै दाबी उजुर नगरी मौन बसेको देखिन्छ। यसप्रकार मिति २०३०।२।७ मा नाममा दर्ता भएको जग्गालाई प्रतिवादीले एकाको हकको जग्गा आफ्नो नाममा दर्ता गराएको मिति २०६६।०८।१५ मा मात्र थाहा जानकारी पाएँ भनी दर्ता बदरमा आएको वादीको फिराद ऐनका म्यादभित्रको भन्न नमिल्ने।

त्यसैगरी, साबिकको कि.नं. ६९ बाट वादीको आमा विष्णु पुरेनीको नाममा आएको कि.नं. १५६ को ज.वि. ०-८-०३/४ जग्गालाई निज वादीको आमा विष्णु पुरेनी दोस्रो विवाह गरी गएपछि यी वादीसमेतले नामसारी गरिपाउँ भनी दिएको निवेदनको आधारमा मालपोत कार्यालय सुर्खेतबाट कानूनबमोजिम प्रक्रिया पूरा गरी मिति २०५७।०१।०१ गतेको निर्णयले विष्णु पुरेनीको नामको सो कि.नं. १५६ को जग्गा वादी चन्द्रदेव पुरीसमेतको नाममा संयुक्त दर्ता हुने भनी नामसारीको निर्णय गरेको मिसिल संलग्न कागजातबाट देखिन आयो। यसबाट वादीले मेरो बाबु तथा आमाको नाममा संयुक्त दर्ता रहेको साबिकको कि.नं. ६९ अन्तर्गतको जग्गामध्ये प्रतिवादीले कि.नं. १५३ र १५४ को जग्गामा ज.वि. ०-१५-२३/४ बढी झुक्याई आफ्नो नाममा दर्ता गराएको मिति २०६६।८।१५ गते नक्कल लिँदा थाहा पाए भने तापनि सोही साबिकको कि.नं. ६९ बाट वादीको आमा विष्णु पुरेनीको नाममा आएको कि.नं. १५६ को जग्गा वादीले २०५७ सालमा नै नामसारी गरी लिएको देखिँदा बाँकी अरू जग्गा प्रतिवादी धर्मराज पुरीको नाममा कि.नं. १५३ र १५४ बाट गएको भन्ने यी वादीलाई थाहा जानकारी भएन भन्ने अनुमान गर्न मिल्ने देखिएन। यस स्थितिमा वादीको फिराद दाबी हदम्यादभित्र भन्ने नदेखिएकोले दाबी खारेज हुने ठहर गरेको सुरू अदालतको फैसला सदर ठहऱ्याएको पुनरावेदन अदालत सुर्खेतको फैसला

मिलेकै देखिने।

तसर्थ, माथि उल्लिखित आधार र प्रमाणबाट वादीको दाबी नपुग्ने गरी भएको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०६७।१२।१३ को फैसला सदर गरी पुनरावेदन सुर्खेत अदालतबाट मिति २०६९।०३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - ताराप्रसाद जोशी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल वैशाख १७ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०६९-CR-१०७१, जालसाजी, चन्द्रदेव पुरी वि. धर्मदेव भन्ने धर्मराज पुरीसमेत
- ०६९-CR-१०७०, जालसाजी, चन्द्रदेव पुरी वि. धर्मदेव भन्ने धर्मराज पुरीसमेत
- ०६९-CR-१०७३, जालसाजी, चन्द्रदेव पुरी वि. धर्मदेव भन्ने धर्मराज पुरीसमेत

## इजलास नं. १०

### ४७

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WH-०१९४, बन्दीप्रत्यक्षीकरण, सुपक बस्नेत वि. उच्च अदालत पाटनसमेत*

निज निवेदकको नाममा तामेल भएको बेपत्ते म्यादको प्रति हेर्दा रीतपूर्वकको नदेखिएबाट निजलाई आफू विरूद्ध चलेको मुद्दाको सुनुवाइको जानकारी नभई सुनुवाइको मौकाबाट वञ्चित भएको देखिएकोले उक्त मिति २०७९।०६।६।०४ मा तामेल भएको निजको नामको बेपत्ते म्याद बेरितको देखिँदा उक्त म्याद र सो म्यादसँग सम्बन्धित ०७८-CB- १५८५ को बैंकिङ्ग कसुर मुद्दामा उच्च अदालत पाटनबाट भएको फैसला र उक्त फैसला कार्यान्वयनको सिलसिलामा ललितपुर जिल्ला अदालतबाट जारी मिति २०७९।१२।१५ को कैद म्याद ठेकिएको पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदकलाई उच्च अदालत पाटनको मिति २०७९।०८।२० को फैसलाबमोजिम ललितपुर जिल्ला अदालतको कैदी पुर्जीमार्फत थुनामा राखिएकोले निजको थुना गैरकानूनी नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन।

तसर्थ, माथि विवेचित निवेदनको तथ्य, लिखित जवाफको बेहोरा तथा सम्बद्ध कानूनबमोजिमको आधार र कारणबाट निज निवेदक प्रतिवादी सुपक बस्नेतलाई थुनामा रहेको कारागारबाट अब अदालतमा झिकाई बयान लिई थुनछेक आदेश गर्नेसमेतका प्रक्रिया अवलम्बन गरी नियमानुसार गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : कुमार खतिवडा

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल चैत्र २८ गते रोज ३ शुभम्।

### ४८

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७९-WH-०१९७, उत्प्रेषण / परमादेश, बन्दीप्रत्यक्षीकरणसमेत, धनबहादुर लामा वि. उच्च अदालत पाटन ललितपुरसमेत*

उच्च अदालत पाटनबाट निज निवेदकको नाममा तामेल भएको बेपत्ते म्यादको प्रति हेर्दा रीतपूर्वकको नदेखिएबाट निजलाई आफू विरूद्ध चलेको मुद्दाको सुनुवाइको जानकारी नभई सुनुवाइको मौकाबाट वञ्चित भएको देखिएकोले उक्त मिति २०७८।११।१५, २०७९।५।१२, २०७९।०६।३१

मा तामेल भएको निजको नामको बेपत्ते म्याद बेरितको देखिँदा उक्त म्याद र सो म्यादसँग सम्बन्धित ०७८-CB-०६७८ को उच्च अदालत पाटनबाट मिति २०७९।१०।१९ मा भएको फैसला र उक्त फैसला कार्यान्वयनको सिलसिलामा ललितपुर जिल्ला अदालतबाट जारी मिति २०७९।१२।०८ को कैद म्याद ठेकिएको पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदकलाई उच्च अदालत पाटनको फैसलाबमोजिम ललितपुर जिल्ला अदालतको कैदी पुर्जीमार्फत थुनामा राखिएकोले निजको थुना गैरकानूनी नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन ।

तसर्थ, माथि विवेचित निवेदनको तथ्य, लिखित जवाफको बेहोरा तथा सम्बद्ध कानूनी व्यवस्थाबमोजिम अब निवेदक धनबहादुर लामालाई मुद्दा हेर्ने अधिकारप्राप्त निकाय उच्च अदालत पाटनमा झिकाई प्रचलित कानूनबमोजिम बयान गराई थुनछेक आदेश गरी जे जो बुझ्नुपर्छ बुझी पुनः फैसला गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : निरज पोखरेल

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०८० साल जेठ १ गते रोज २ शुभम्।

**४९**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी,** *०७४-CR-११३०, विना इजाजत वन पैदावार हानि नोक्सानी, जुगराज यादव वि. नेपाल सरकार*

सवारी साधन प्रयोग र सवारी साधनमा अवैध काठ बरामद हुनुले मात्र कसुर कायम हुने नभई उक्त विनाइजाजत अवैध काठ ओसारपसारमा बोझबाहक साधनको धनीको सो कसुरसम्बन्धी जानकारी र निजको उक्त कसुरमा रहेको संलग्नतालाई ध्यान दिनुपर्ने देखियो। प्रस्तुत मुद्दामा यी प्रतिवादी जुगराज यादवलाई आफ्नो सवारी साधन अवैध वनपैदावार ओसार पसार गर्ने कार्यमा प्रयोग हुँदै छ भन्ने जानकारी भएको, निजको उक्त अवैध कार्यमा संलग्नता रहेको र मनसाय रहेको भन्ने मिसिल संलग्न प्रमाण कागजबाट नदेखिएकोमा निजको सवारी साधन ट्याक्टर ऐ. दफा ६६बमोजिम जफत हुने गरी सुरु जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला कानूनसम्मत मिलेको नदेखिने।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, प्रमाण, आधार एवं कारणसमेतबाट अवैध काठ ओसारपसार गर्ने मनसाय नभएको र अवैध काठ हो भनी थाहा नभई भाडाको जोहोस्वरूप काठ लोड गरी समिलमा पुऱ्याउन लिई हिँडेको अवस्थामा काठसहित पक्राउ पर्नुले मात्र अभियोग दाबीबमोजिमको कसुर कायम नहुने हुँदा प्रतिवादी जुगराज यादवले उक्त अवैध काठहरू आफैँले चलाउने लु.२त३४७ नं. को ट्याक्टरमा राखी लिई हिँडेको पुष्टि हुन आएको भनी निजलाई वन ऐन, २०४९ को दफा ५०(१) (घ)(४) अनुसार बिगो रू. २७,४१२।– को दोब्बर रू. ५४,८२४ बाट दामासाहीले जरिवाना हुने र बरामद ट्याक्टरसमेत जफत हुने ठहर गरी मिति २०७२।०८।१६ मा सुरू रुपन्देही जिल्ला अदालतबाट भएको फैसला र सुरू फैसला सदर गर्ने उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७३।११।०४ मा भएको फैसला कानूनसम्म मिलेको नदेखिँदा निजको हकमा उल्टी हुने भई पुनरावेदक प्रतिवादी जुगराज यादवले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : रेश्मा बुद्धाचार्य

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल माघ ४ गते रोज ४ शुभम्।

**५०**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी**, *०७९-WH-०२७०, बन्दीप्रत्यक्षीकरण, विद्या गुरूङ वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत*

निवेदन बेहोराबाटै निवेदकलाई स्वास्थ्य उपचारको लागि अस्पताल भर्ना गराएको उल्लेख भएबाट बन्दीलाई उचित व्यवहार गरिएको र लिखित जवाफसाथ पेस गरिएको भेटघाटसम्बन्धी लगबुकको बेहोराबाट आफन्त तथा परिवारजनलाई भेटघाट गर्न दिएकोसमेत देखिन्छ । मुद्दा अनुसन्धानको क्रममा अनुसन्धानकर्ताले न्यायोचित व्यवहार गर्नुपर्छ भन्ने कुरामा दुई मत हुन सक्दैन । कहिलेकाही हिरासतमा राखिएको थुनुवामाथि जानी नजानी अमानवीय व्यवहार वा कानूनले बर्जित गरेको कार्य हुन गएमा म्याद थपको लागि साधिकार निकायसमक्ष पेस गरेका बखत अदालतलाई जानकारी गराएमा अदालतबाट तत्कालै त्यसको सम्बोधन हुनसक्ने हुँदा त्यसतर्फसमेत थप विवेचना गरिरहनु परेन । प्रस्तुत विवादमा निवेदकका तर्फबाट र विपक्षीका तर्फबाट उपस्थित हुनु भएका विद्वान्हरूबाट आ-आफ्नो पक्षको हकमा यस अदालतबाट प्रतिपादित सिद्धान्तहरू आ-आफ्नै हिसाबले उल्लेख गरेको देखिन्छ । ती सबै उल्लिखित सिद्धान्तहरू विविध प्रकृतिको निवेदन, विवाद, समय सिमा र अवस्थाको वर्णनमा केन्द्रित हुँदा सबैलाई जानकारीमा राखी आत्मसात् गरिने ।

तसर्थ, माथि विवेचित निवेदन माग दाबी, लिखित जवाफको बेहोरा, सम्बद्ध प्रचलित कानून एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट यी रिट निवेदक मिनबहादुर गुरूङउपर लगाइएको कसुरमा अनुसन्धान गर्न मिति २०७८।०९।१८ मा काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिई मिति २०८०।०३।१२ मा कानूनबमोजिम पक्राउ पुर्जी दिई प्रचलित कानूनको अधीनमा रही अधिकारप्राप्त अधिकारीले अनुसन्धानको क्रममा पक्राउ गरी हिरासतमा राखेको देखिँदा निजको थुनालाई गैरकानूनी थुना भनी मान्न मिल्ने अवस्था देखिएन । निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : नीति उप्रेती

कम्प्युटर : मिलन राणा

इति संवत् २०८० साल साउन ५ गते रोज ६ शुभम् ।